# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ११ | काठमाडौं | सोमबार, २१ वैशाख २०८३ | Prabhab National Daily | Monday, 4 May 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


भारत-चीनको कदममा नेपालको आपत्ति

## लिपुलेकबारे दुवै देशलाई पठाइयो कूटनीतिक नोट

- लिपुलेकहुँदै भारत-चीनबीच सञ्चालन हुने भनिएको कैलाश मानसरोवर यात्राबारे नेपाल सरकारको ध्यानाकर्षण
- १८१६ को सुगौली सन्धिअनुसार लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग भएका अडान
- यात्राबारे असहमति जनाउँदै भारत र चीन दुवैलाई नेपालको कूटनीतिक नोट
- लिपुलेकमा सडक निर्माण, सीमा व्यापार र तीर्थाटन नगर्न भारतलाई निरन्तर आग्रह गर्दै आए पनि भारतको बेवास्ता
- लिपुलेक क्षेत्र नेपालको भूभाग भएको चीनलाई जानकारी गराइसकिएको परराष्ट्रको भनाइ
- नेपाल-भारत सम्बन्धको मर्मअनुसार ऐतिहासिक सन्धि, प्रमाण र संवादका आधारमा सीमा विवाद समाधान गर्न सरकार प्रतिबद्ध




■ जेबी योञ्जन

**काठमाडौं–** नेपाल सरकारले नेपाली भूमि लिपुलेकहुँदै भारत र चीनले कैलाश मानसरोवर यात्रा सञ्चालन गरेपछि कडा आपत्ति जनाएको छ । आइतबार साँझ परराष्ट्र मन्त्रालयले प्रेस नोट जारी गर्दै उक्त विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै नेपालको आधिकारिक धारणा सार्वजनिक गरेको हो ।

मन्त्रालयले जारी गरेको वक्तव्यमा स्पष्ट रूपमा भनिएको छ, '१८१६ को सुगौली सन्धिबाट नै महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न भूभाग रहेको तथ्यमा नेपाल सरकार पूर्णतः स्पष्ट र अडिग छ ।'

नेपालले लिपुलेक हुँदै सञ्चालन गर्न लागिएको कैलाश मानसरोवर यात्राबारे आफ्नो असहमति भारत र चीन दुवै मुलुकलाई कूटनीतिक माध्यमबाट जानकारी गराइसकेको छ । 'नेपाली भूमि लिपुलेकहुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत र चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराइएको छ,' प्रेस नोटमा भनिएको छ ।

मन्त्रालयले यसअघि पनि उक्त क्षेत्रमा हुने कुनै पनि गतिविधिप्रति असहमति जनाउँदै आएको स्मरण गराएको छ । 'उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार, सीमा व्यापार र तीर्थाटनजस्ता कुनै पनि क्रियाकलाप नगर्न नेपाल सरकारले भारत सरकारलाई निरन्तर आग्रह गर्दै आएको छ,' परराष्ट्रको प्रेस नोटमा छ ।

चीनलाई पनि लिपुलेक क्षेत्र नेपालको भूभाग भएको विषयमा औपचारिक जानकारी गराइसकिएको मन्त्रालयले स्पष्ट पारेको छ । 'लिपुलेक क्षेत्र नेपाली भू-भाग रहेको विषयमा मित्रराष्ट्र चीनलाई समेत आधिकारि करूपमा जानकारी गराई सकिएको व्यहोरा स्पष्ट पारिन्छ,' मन्त्रालयले भनेको छ । यसैबीच भारतले कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने औपचारिक घोषणा गरेको छ ।

> नेपाली भूमि लिपुलेकहुँदै आयोजना गर्ने भनिएको कैलाश मानसरोवर यात्राका सम्बन्धमा नेपाल सरकारले आफ्नो स्पष्ट अडान र सरोकार भारत-चीन दुवै पक्षलाई कूटनीतिक माध्यमबाट पुनः अवगत गराइएको छ ।
>
> **■ परराष्ट्र मन्त्रालय**

> नेपालको दाबी रहेको भूभागहुँदै दुई देशबीच सहमति गरेर यात्रा सञ्चालन गर्नु कूटनीतिक दृष्टिले संवेदनशील विषय हो । यस्तो विषय कूटनीतिक ढंगले छिटो निरूपण गरिनुपर्छ ।
>
> **■ निलाम्बर आचार्य**
> पूर्वराजदूत

क्रमशः पृष्ठ २ मा

संवैधानिक परिषद्सम्बन्धी विधेयक फिर्ता

## एउटा अध्यादेशमा 'डबल स्टयान्डर्ड' लिन राष्ट्रपतिले मानेनन्

■ प्रभाव संवाददाता



**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले सरकारले सिफारिस गरेका सात वटा अध्यादेश जारी गर्दा एउटा भने पुनर्विचार गर्न भन्दै फिर्ता पठाएका छन् । सरकारले सबैभन्दा पहिलो सिफारिस गरेको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ पौडेलले आइतबार फिर्ता पठाएका हुन् ।

राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले आइतबार साँझ जारी विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबमोजिम सिफारिस भई आएको संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) (पहिलो संशोधन) अध्यादेश, २०८३ को विषयवस्तुका सन्दर्भमा पुनर्विचार गर्न पठाउनुभएको छ ।' गत सोमबार वालेन्द्र शाह नेतृत्वको सरकारले उक्त अध्यादेश सिफारिस गरेको हो ।

राष्ट्रपति पौडेलले यो अध्यादेश यसअघि संघीय संसद्को दुवै सदनबाट पारित भएर आउँदासमेत फिर्ता पठाएका थिए । जसकारण उक्त अध्यादेश पारित गर्ने कि नगर्ने भन्ने विषयमा राष्ट्रपति पौडेल अन्योलमा परेका थिए । पौडेलले गत मंगलबार यस विषयमा कानुनविद्सँग परामर्शसमेत गरेका थिए । कानुनविद्हरूसँग पौडेलले यो अध्यादेश जारी गर्दा आफू अप्ठेरोमा परिने भन्दै राय लिएका थिए । कानुनी परामर्शपछि पौडेलले विगतको प्रकरण सम्झाउँदै अध्यादेश फिर्ता पठाएको जनाएका छन् ।

नेपालको संविधानबमोजिम यसअघि संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरणका लागि २०८२ असार २५ मा पेस भएकोमा सन्देशसहित उक्त विधेयक फिर्ता पठाइएको, तत्कालीन मन्त्रिपरिषद्को मिति २०८२ मंसिर २ को निर्णयबमोजिम प्राप्त भएको संवैधानिक परिषद्सम्बन्धी अध्यादेश जारी नभएको स्मरणसमेत राष्ट्रपतिको कार्यालयले गरेको छ ।

यो विधेयक प्रतिनिधिसभामा २०७९ फागुन १२ गते दर्ता भएकामा दुवै सदनबाट पारित गरी प्रमाणीकरणका लागि २०८२ असार ३१ गते शीतलनिवास पठाइएको थियो । त्यतिखेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री थिए । राष्ट्रपति पौडेलले विभिन्न पाँचवटा आधारसहित साउन ८ गते विधेयक प्रतिनिधिसभामा फिर्ता पठाइदिएका थिए ।

सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले पनि गत मंसिर २ गते संवैधानिक परिषद्सम्बन्धी अध्यादेश सिफारिस गरेकामा राष्ट्रपति पौडेलले 'होल्ड'मा राखेका थिए । आफैंले प्रमाणीकरण नगरी फिर्ता गरेको विधेयकको व्यवस्था समेटेर सरकारले सिफारिस गरेको अध्यादेश जारी गर्ने/नगर्नेमा राष्ट्रपति पौडेल संकटमा परेका थिए । 'पहिले जारी नभएको र अहिले जारी गर्दा डबल स्टयान्डर्ड लिएजस्तो देखिन्छ भनेर फिर्ता गर्ने निर्णय गर्नुभएको हो । अर्को कुरा बहुमतको विषय पनि छ,' राष्ट्रपतिको सचिवालयले भन्यो, 'पहिलो संशोधन अध्यादेश, ०८३ को विषयवस्तुमा पनि बहुमतीय प्रणालीलाई सम्बोधन गरेको नपाइएकोले संविधान र लोकतन्त्रको मर्म र भावनाको रक्षा गर्न तथा बहुमतीय प्रणालीलाई जीवन्तता प्रदान गर्न सो अध्यादेशको विषयवस्तु पुनर्विचारका लागि मन्त्रिपरिषद्मा पठाउनु भएको हो ।'

वालेन्द्र शाह नेतृत्वको सरकारले आफू अध्यक्ष रहेको संवैधानिक परिषद्ले तीन सदस्यबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर राष्ट्रपति पौडेलसमक्ष अध्यादेश सिफारिस गरेको थियो । प्रधानमन्त्री अध्यक्ष रहने परिषद्मा प्रधानन्यायाधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, उपसभामुख र प्रतिपक्षी दलका नेता गरी छ जना सदस्य रहन्छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को तर्फबाट सरकारको नेतृत्व गरिहेका शाह प्रतिनिधिसभामा करिब दुईतिहाइ बहुमत भए पनि संवैधानिक परिषद्मा अल्पमतमा छन् । रास्वपाबाट सभामुख बनेका डोलप्रसाद अर्याल र श्रम संस्कृतिबाट उपसभामुख बनेकी रुबीकुमार ठाकुलेमात्रै साथ दिएको अवस्थामा कुनै पनि निर्णय पारित हुने व्यवस्था प्रधानमन्त्री शाहले अघि बढाएका थिए । यो अध्यादेश जारी भएको अवस्थामा राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल, प्रधानन्यायाधीश र प्रतिपक्षी दलका नेता 'बाइपास' हुन्थे ।

> पहिले जारी नभएको र अहिले जारी गर्दा डबल स्ट्यान्डर्ड लिए जस्तो देखिन्छ भनेर फिर्ता गर्ने निर्णय गर्नुभएको हो । अर्को कुरा बहुमतको विषय पनि छ ।
>
> **■ राष्ट्रपतिको सचिवालय**

> बहुमतलाई व्याख्या गर्नुपर्छ । व्याख्यासमेत गरेर अध्यादेश सिफारिस गरिएको हो । किन फिर्ता भयो ? यसबारे बुझ्दै छु । बुझेपछि मात्रै भनौंला । केही न केही त कारण राख्नुभएको होला, म बुझेरमात्रै प्रतिक्रिया दिन्छु ।
>
> **■ रवि लामिछाने**
> सभापति, रास्वपा

> संवैधानिक राष्ट्रपतिलाई यस रूपमा कुनै पनि अध्यादेश फिर्ता गर्ने अधिकार छैन । अध्यादेश नियमित प्रक्रियाको विधेयक होइन । राष्ट्रपतिले यसरी नभएको अधिकारको दाबी गर्दा प्रधानमन्त्रीको कार्यकारी अधिकार प्रभावित हुन जान्छ ।
>
> **■ डा. विपिन अधिकारी**
> संविधानविद्

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

## कफाला प्रणाली अन्त्य गर्न साउदीलाई राष्ट्रसंघका विज्ञको आग्रह

> कफाला प्रणालीले विदेशी कामदारको कानुनी स्थिति, बसाइ, रोजगार परिवर्तन, यात्रा आदिमा नियन्त्रण गर्छ । जसअन्तर्गत कामदारले रोजगार परिवर्तन गर्न, देश छोड्न वा कानुनी सहायता लिन आफ्नो प्रायोजकको अनुमति लिनुपर्छ ।

■ प्रभाव संवाददाता




**काठमाडौं–** साउदी अरेबियालाई कफाला (कामदार प्रायोजन) प्रणाली अन्त्य गर्न संयुक्त राष्ट्रसंघका मानवअधिकार विशेषज्ञले आग्रह गरेका छन् । साउदीले सन् २०३४ को फिफा विश्वकप आयोजना गर्न तयारी तीव्र पार्दै गर्दा जेनेभाबाट जारी गरिएको संयुक्त विज्ञप्तिमा त्यहाँ कार्यरत १६ लाख आप्रवासी श्रमिकले अझै पनि दुर्व्यवहार र शोषणको सामना गरिरहेको चेतावनी दिइएको छ ।

संयुक्त राष्ट्रसंघका समकालीन दासप्रथासम्बन्धी विशेष प्रतिवेदनकर्ता प्रोफेसर टोमाया ओबोकाटा, आप्रवासीको मानवअधिकारसम्बन्धी प्रतिवेदनकर्ता गेहद मादी र तस्करीसम्बन्धी प्रतिवेदनकर्ता सियोभान मुललीले गत हप्ता संयुक्त वक्तव्य जारी गर्दै यस्तो बताएका हुन् । संयुक्त राष्ट्र विशेष प्रतिनिधिहरू स्वतन्त्र अधिकार विशेषज्ञ हुन् । उनीहरूलाई मानवअधिकार परिषद्ले नियुक्त गर्छ भने उनीहरूको अध्ययन संयुक्त राष्ट्रसंघको सर्वोच्च अधिकार निकायलाई रिपोर्ट गर्न लगाइन्छ ।

विशेषज्ञहरूले साउदीमा कार्यरत आप्रवासी श्रमिकको मृत्युको कारण अस्पष्ट हुनुका साथै कुनै जवाफदेहिता नदेखिएको बताएका थिए । तलब चोरी, कार्यस्थलमा हिंसा, परिचयपत्र नियन्त्रण गर्ने र अत्यधिक भर्ती शुल्क लगाउने क्रम जारी रहेकाले यसको अन्त्य हुनुपर्ने बताइएको छ । साउदीले भने पाँच वर्षअघि नै श्रम क्षेत्रको सुधारको घोषणा गरेको थियो ।

कफाला प्रणालीले विदेशी कामदारको कानुनी स्थिति, बसाइ, रोजगार परिवर्तन, यात्रा आदिमा नियन्त्रण गर्छ । जसअन्तर्गत कामदारले रोजगार परिवर्तन गर्न, देश छोड्न वा कानुनी सहायता लिन आफ्नो प्रायोजकको अनुमति लिनुपर्छ । सन् २०२१ को सुधारले मुलुक छोड्न अनुमति लिनुपर्नेलगायतका केही विषयमा सहज बनाए पनि लाखौं श्रमिक अन्य विभिन्न प्रावधानबाट पीडित भएको जनाइएको छ ।

कफाला प्रणाली पूर्णरूपमा हट्न नसकेको अवस्थामा यसका छिद्राहरूमा टेकेर कामदारमाथि अत्यधिक नियन्त्रण राख्ने क्रम नरोकिएको विज्ञले बताएका छन् । शोषणमा परेका श्रमिकहरू कम्पनी छोड्न चाहेमा उनीहरूलाई प्रतिबन्ध लगाउने तथा नगरेको अपराधको आरोप लगाएर सजाय दिइने गरिएको भनिएको छ । श्रमिकहरूको न्यायको पहुँच मुख्य चिन्ता रहेको विज्ञले उल्लेख गरेका छन् ।

क्रमशः पृष्ठ २ मा


विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# प्रभावित बालबालिकालाई नि:शुल्क भर्ना लिन निजी विद्यालय सञ्चालक तयार



**काठमाडौं (प्रस)–** निजी विद्यालय सञ्चालकहरूले काठमाडौं उपत्यकाका विभिन्न नदी किनार तथा जोखिमयुक्त स्थानमा रहेका सुकुमबासी बस्ती खाली गराउँदा प्रभावित समुदायका बालबालिकाको पढाइमा रचनात्मक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का अध्यक्ष कृष्णप्रसाद अधिकारी, उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान)का अध्यक्ष युवराज शर्मा, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एन प्याब्सन), एसोसिएसन अफ प्रि-स्कुल एसोसियटर्स (एपेन) का अध्यक्ष बद्रीप्रसाद दाहालले आइतबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी उक्त प्रतिबद्धता जनाएका हुन् । यसअघि काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले निजी क्षेत्रका शिक्षालय सञ्चालक संस्थाका प्रतिनिधिसँग सो विषयमा छलफलसहित सहयोगको आग्रह गरेकी थिइन् ।

'नेपालको संविधानले प्रत्याभूत गरेको बालबालिकाको आधारभूत शिक्षाको मौलिक अधिकारलाई कुनै पनि परिस्थितिमा खलल हुन नदिन राज्य, समाज र शैक्षिक क्षेत्रबीच समन्वय गरी तुरुन्तै आवश्यक व्यवस्था हुनुपर्नेमा जोड दिँदै, स्थानीय तहसँग सहकार्य गरी समस्या समाधानमा रचनात्मक सहयोग पुर्‍याउन हामी सबै सरोकारवालाहरू प्रतिबद्ध रहेको जानकारी गराउँदछौं,' ती संस्थाहरूद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत, स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी प्रभावित तथा वास्तविक सुकुमबासी परिवारका बालबालिकाको शिक्षा निरन्तरता सुनिश्चितताका लागि आवश्यक सहयोग र सहजीकरण गर्न हामी तत्पर छौं ।'

प्रभावित क्षेत्रमा बालबालिकालाई नजिकैको निजी विद्यालयमा नि:शुल्क भर्ना गर्ने अवसर उपलब्ध गराउने, आवश्यकताअनुसार आवास तथा यातायातको व्यवस्थापन गर्ने, मनोवैज्ञानिक सहयोगको उपयुक्त व्यवस्था र प्रभावकारीरूपमा कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला संगठित भएर अघि बढ्न पनि ती संस्थाहरूले आग्रह गरेका छन् । नेपाल सरकार, स्थानीय तह, शैक्षिक संस्था र समुदायबीचको सहकार्यबाट प्रतिकूलतामा पनि अनुकूलता निर्माण गर्न सकिने विश्वासका साथ, सम्पूर्ण सरोकारवाला पक्ष यस मानवीय तथा उत्तरदायी पहलमा ऐक्यबद्ध भई सक्रिय सहयोग गर्न पनि आग्रह गरिएको छ ।

## पृष्ठ १ बाट क्रमश:

### एउटा अध्यादेशमा...

संवैधानिक परिषद्सम्बन्धी मूल ऐनको दफा ६ को (३) मा अध्यक्ष र कम्तीमा चार जना सदस्य उपस्थित भएपछि मात्रै परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने व्यवस्था छ । सोही दफा ६ को उपदफा ४, ५, ६ र ७ मा निर्णय प्रक्रियासम्बन्धी व्यवस्था छ । त्यसमा सहमतिका लागि दुईवटा बैठक सफल हुन नसकेमामात्रै कुल सदस्य संख्याको बहुमतबाट निर्णय गर्न सकिने व्यवस्था छ ।

तर, सरकारले चार जना सदस्य उपस्थित रहेको अवस्थामा पहिलो बैठकबाटै तीन जनाबाटै निर्णय गर्न सकिने व्यवस्था राखेर अध्यादेश सिफारिस गरेपछि राष्ट्रपतिले बहुमतीय प्रणालीलाई कायमै राख्नुपर्ने अडान राखेको बताइन्छ । 'अध्यादेश जारी हुँदा कूल संख्याको बहुमत ओझेलमा पर्ने देखिएको र बहुमतको आधार नै अन्तिम आधार मान्नुपर्ने राष्ट्रपतिको धारणा छ,' राष्ट्रपतिको सचिवालयले भन्यो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले अध्यादेश फिर्ताबारे बुझेरमात्र प्रतिक्रिया दिने बताएका छन् । 'म बुझ्दै छु । के भन्नुभएको छ । त्यसमा बुझौंला । बुझेपछि मात्रै भनौंला । केही न केही त कारण राख्नुभएको होला, म बुझेरमात्रै प्रतिक्रिया दिन्छु,' आइतबार पार्टी कार्यालयमा सञ्चारकर्मीसँग सभापति लामिछानेले भने । संवैधानिक परिषद्को अध्यादेश सिफारिस भएपछि विपक्षी दलले विरोध जनाउँदै फिर्ता गर्न राष्ट्रपतिलाई आग्रह गरेका थिए ।

संविधानविद् डा. विपिन अधिकारीले भने संवैधानिक राष्ट्रपतिलाई अध्यादेश फिर्ताको अधिकार नै नभएको बताएका छन् । 'संवैधानिक राष्ट्रपतिलाई यस रूपमा कुनै पनि अध्यादेश फिर्ता गर्ने अधिकार छैन । अध्यादेश नियमित प्रक्रियाको विधेयक होइन । राष्ट्रपतिले यसरी नभएको अधिकारको दाबी गर्दा प्रधानमन्त्रीको कार्यकारी अधिकार प्रभावित हुन जान्छ । यस्तो उच्च तहबाट पनि संविधानको स्पष्टरूपमा परिपालना हुँदैन भने संविधान कसरी सुरक्षित रहिरहन सक्छ ?,' अधिकारीले प्रश्न गरेका छन् ।

■■■

### लिपुलेकबारे...

भारतीय विदेश मन्त्रालयले यही वैशाख १७ गते जारी गरेको विज्ञप्तिअनुसार सन् २०२६ जुनदेखि अगस्टसम्म सञ्चालन हुने यात्रामा कूल २० समूह सहभागी हुने छन् । तीमध्ये १० समूह उत्तराखण्डहुँदै लिपुलेक पासबाट र बाँकी १० समूह नाथुला पासहुँदै यात्रा गर्ने छन् । प्रत्येक समूहमा ५० जना यात्रु रहने जनाइएको छ ।

भारतीय पक्षले जारी गरेको विवरणमा भनिएको छ, 'यस वर्ष कैलाश मानसरोवर यात्राका लागि कूल २० समूह गठन गरिने छ, जसमा प्रत्येक समूहमा ५० जना तीर्थयात्री रहने छन् ।' साथै, यात्रामा सहभागी हुन इच्छुकहरूले अनलाइन आवेदन दिन सक्ने र आवेदनको अन्तिम मिति मे १९ तोकिएको जानकारी दिइएको छ । धार्मिकरूपमा अत्यन्त महत्त्वपूर्ण मानिने कैलाश मानसरोवर यात्रा हिन्दू, बौद्ध, जैन तथा बोन धर्मावलम्बीहरूका लागि विशेष आस्थाको केन्द्र मानिन्छ । हरेक वर्ष हजारौं श्रद्धालुहरू उक्त तीर्थयात्रामा सहभागी हुने गरेका छन् ।

तर, यसपटक यात्राको रुटमा नेपाली भूभाग पर्ने विषयमा नेपाललाई औपचारिक जानकारी नदिइएको भन्दै कूटनीतिक प्रश्न उठेको छ । भारतका लागि पूर्वनेपाली राजदूत निलाम्बार आचार्यका अनुसार नेपालको दाबी रहेको भूभागहुँदै दुई देशबीच सहमति गरेर यात्रा सञ्चालन गर्नु कूटनीतिक दृष्टिले संवेदनशील विषय हो । उनले प्रभावसँग भने, 'यस्तो विषय कूटनीतिक ढंगले छिटो निरूपण गरिनुपर्दछ ।'

यसअघि पनि भारत र चीनबीच लिपुलेक नाकाबाट व्यापार विस्तार गर्ने सहमति हुँदा नेपालले आपत्ति जनाएको थियो । नेपालले कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र आफ्नो भएको दाबी गर्दै आएको छ ।

नेपाल सरकारले सीमा विवाद समाधान कूटनीतिक माध्यमबाट गर्नुपर्नेमा जोड दिएको छ । 'नेपाल र भारतबीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि सम्झौता, तथ्य, नक्सा र प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध छ,' परराष्ट्र मन्त्रालयले भन्यो ।

कोभिड-१९ महामारीपछि सन् २०१९ देखि अवरुद्ध भएको मानसरोवर यात्रा पुन: सञ्चालनमा आएको हो । सन् २०२४ डिसेम्बरमा चीनमा भएको उच्चस्तरीय भेटवार्तामा भारत र चीनबीच लिपुलेक नाकाबाट यात्रा पुन: सुचारु गर्ने सहमति भएको बताइएको छ । भूराजनीतिक मामिलाका जानकारहरूका अनुसार, लिपुलेक हुँदै सञ्चालन हुने मानसरोवर यात्रा धार्मिकमात्र नभई भू-राजनीतिक महत्त्वसँग पनि जोडिएको विषय हो ।

■■■

### कफाला प्रणाली...

धेरै कामदार आफूमाथि भएको शोषणको उजुरी दिए रोजगारदाताले प्रतिशोध साँध्ने, कानुनी सहयोग नपाइने र प्रणालीगत झण्झटको चिन्ताबाट गुज्रिरहेको जनाइएको छ । साथै, अधिकांश मृतक कामदारका परिवारले जानकारी तथा क्षतिपूर्ति पाउन संघर्ष गर्नुपर्ने अवस्था रहेको छ ।

विज्ञका अनुसार मध्य पूर्वमा जारी द्वन्द्वले पनि आप्रवासी कामदारको जोखिम बढाएको छ । श्रमिकहरू यस अवधिमा अचानक रोजगारी गुमाउने, चोटपटक या मृत्युको सामना गर्नुपर्ने जोखिममा रहेका छन् । गन्तव्य मुलुकको यस्तो कमजोरीले असमानतालाई बढाउने भएकाले तत्काल सुधार आवश्यक रहेकोमा जोड दिइएको छ ।

साउदीमा कार्यरत श्रमिकहरूले अर्थतन्त्र चलायमान बनाउन मद्दत गरिरहँदा उनीहरू आवाजविहीन र शोषित हुनपरेकोमा विज्ञले आपत्ति जनाएका थिए । त्यहाँ तत्काल ठोस कदम चालेर श्रमिकलाई पूर्णरूपमा राष्ट्रिय श्रम संरक्षणअन्तर्गत समावेश गर्न, कार्यान्वयन पाटोलाई बलियो बनाउन र सुरक्षित र पहुँचयोग्य उजुरी प्राणालीको सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । वक्तव्यमा कानुन र व्यवहार दुवैमा कफाला प्रणालीको प्रभावकारीरूपमा अन्त्य गर्न आग्रह गरिएको छ ।

यस्तै आलोचनाको सामना गरेको कतारले कफाला प्रणालीमा सुधार गर्न संयुक्त राष्ट्रको अन्तर्राष्ट्रिय श्रम संगठनसँग समन्वय गरी न्यूनतम तलब लागू गर्ने र स्वास्थ्य तथा सुरक्षा उपायहरूको अवलम्बन गरेको थियो । रियादले भने श्रम क्षेत्रका आरोपहरू अस्वीकार गर्दै आएको बताइन्छ ।

साउदीमा घरेलु कामदारबाहेक चार लाखको हाराहारीमा नेपाली श्रमिक रहेको बताइन्छ । सरकारी विवरणअनुसार ६० प्रतिशतभन्दा बढी नेपाली श्रमिक अदक्ष कामदारका रूपमा कार्यरत छन् । उनीहरू निर्माण, सफाइ, प्याकेजिङ, लोडिङ, डेलिभरीजस्ता काममा जाने गरेका छन् । यसबाहेक ड्राइभिङ, मेसिन अपरेटर, सेल्स तथा उत्पादन क्षेत्रमा बढी कामदार जाँदै आएका छन् ।


**कतारमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!

कम्पनी : TEYSEER SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 327935 चलानी नं. ६०२४१७६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supervisor | 1 | 0 | 2500 | १०४,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.२१००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE
VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, Tribhuban Sen, Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम इजाजत नं. ८२२/०६६/०६७

**Mauritius मा रोजगार** कम्पनी : TIANLI CONSTRUCTION COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 323850 चलानी नं. ६०२३७९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MUR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason (Grade 2) | 45 | 0 | 22330 | ७२,०८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering Carpenter | 19 | 0 | 22330 | ७२,०८३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GLOBAL RELIANCE OVERSEAS SERVICES PVT. LTD
Samakhusi-26, Townplanning (Near Swimming Pool) Kathmandu
Tel: +977-1-4960523, 4957731, Email : globalreliance03@gmail.com
License No. : 832/066/67

**कतारमा रोजगार** कम्पनी : SAIF TWO CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 337708 चलानी नं. ६०२५१३३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Plumber | 1 | 0 | 1800 | ७१,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 2 | 1800 | ७१,७३५ | | | | | | | |
| 3. | Cleaner General | 0 | 1 | 1800 | ७१,७३५ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | 2800 | १११,५८५ | | | | | | | |
| 5. | Plasterer | 2 | 0 | 1800 | ७१,७३५ | | | | | | | |
| 6. | Supervisor | 1 | 0 | 2800 | १११,५८५ | | | | | | | |
| 7. | Welder | 2 | 0 | 2100 | ८३,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sulav Recruitment Pvt.Ltd.
Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

**बहराइनमा रोजगार** कम्पनी : SEOUL RESTAURANT W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०५/२० पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 310266 चलानी नं. ६०२२४८९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 2 | 130 | ५२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

K & C International Pvt. Ltd
Govt. Reg. No. 699/063/064
Lazimpat-2, Kathmandu, Nepal Tel: +977-1-4440633, 9841682307 Dinesh thapa

**युएइमा रोजगार** कम्पनी : Site Technology General Contracting Company - Sole Proprietorship L.L.C.

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 336504 चलानी नं. ६०२४९९३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL HELPER (MALE) | 60 | 0 | 1000 | ४१,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Apex Alwataniah Catering Services Llc

पूर्व स्वीकृति मिति : २०८१/१०/११ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० LT. No. 317765 चलानी नं. ६०२३१९३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 16 | 0 | 1400 | ५७,८५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Helpers | 17 | 0 | 900 | ३७,१९५ | | | | | | | |
| 3 | Laundry Boy | 18 | 0 | 1100 | ४५,४६१ | | | | | | | |
| 4 | Room Boy | 50 | 0 | 1000 | ४१,३२८ | | | | | | | |
| 5 | Tea Boy | 15 | 0 | 1100 | ४५,४६१ | | | | | | | |
| 6 | Waiter | 20 | 0 | 1100 | ४५,४६१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Frontline Recruitment
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Email: info@manpoweragencynepal.com
Govt. License 886/067/068


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, २१ वैशाख, २०८३

| | |
|---|---|
| मेष | मित्रसँगको सम्बन्ध मजबुत हुनेछ । नयाँ योजना अघि बढ्नेछ । |
| वृष | चुनौती आए पनि पार गर्न सकिनेछ । आत्मविश्वास बढ्नेछ । |
| मिथुन | काममा सफलता मिल्नेछ । नयाँ अवसरले उत्साह बढाउनेछ । |
| कर्कट | आर्थिक पक्ष सुधार हुने संकेत छ । धैर्यले राम्रो नतिजा दिनेछ । |
| सिंह | काममा व्यस्तता बढ्नेछ । तर उपलब्धि पनि राम्रो हुनेछ । |
| कन्या | यात्राको सम्भावना देखिन्छ । नयाँ अनुभवले फाइदा दिनेछ । |
| तुला | नेतृत्व क्षमताले सफलता दिलाउनेछ । सम्मान प्राप्त हुने दिन छ । |
| वृश्चिक | कुम्भस् सोचेर अघि बढ्नु राम्रो हुनेछ । अनावश्यक खर्चबाट बच्नुहोस् । |
| धनु | मेहनतको राम्रो फल मिल्नेछ । आर्थिक लाभ हुन सक्छ । |
| मकर | सानो गल्तीले तनाव दिन सक्छ । सोचेर मात्र निर्णय गर्नुहोस् । |
| कुम्भ | परिवारबाट सहयोग मिल्नेछ । मन शान्त र सकारात्मक रहनेछ । |
| मीन | मन खुसी रहनेछ । प्रेम र सम्बन्धमा सुधार आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२१ वैशाख, २०८३ (४ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.९७ | १५१.५७ |
| युरो | १ को | १७६.५७ | १७७.२७ |
| पाउन्ड स्टर्लिङ | १ को | २०३.५५ | २०४.३६ |
| स्विस फ्रैन्क | १ को | १९१.१६ | १९१.९२ |
| अस्ट्रेलियन डलर | १ को | १०८.१३ | १०८.५६ |
| क्यानाडियन डलर | १ को | ११०.४६ | ११०.९० |
| सिङ्गापुर डलर | १ को | ११८.१८ | ११८.६५ |
| जापानी येन | १० को | ९.४५ | ९.४९ |
| चिनियाँ युआन | १ को | २२.०८ | २२.१७ |
| साउदी अरब रियाल | १ को | ४०.२५ | ४०.४१ |
| कतारी रियाल | १ को | ४१.४१ | ४१.५८ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.१० | ४१.२६ |
| मलेसियन रिङेट | १ को | ३८.२० | ३८.३५ |
| दक्षिण कोरियन वन | १०० को | १०.२३ | १०.२७ |
| स्विडिस क्रोनर | १ को | १६.२८ | १६.३४ |
| डेनिस क्रोनर | १ को | २३.६३ | २३.७२ |
| हङकङ डलर | १ को | १९.२६ | १९.३४ |
| कुवेती दिनार | १ को | ४९२.७२ | ४९४.६८ |
| बहराइन दिनार | १ को | ४००.१९ | ४०१.७८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# विश्व प्रेस स्वतन्त्रता दिवस: पत्रकार महासंघको ऐक्यबद्धता पदयात्रा




**काठमाडौं (प्रस)–** विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा आइतबार नेपाल पत्रकार महासंघले ऐक्यबद्धता पदयात्रा (र्‍याली) आयोजना गरेको छ ।

'शान्तिपूर्ण भविष्यको निर्माण: मानवअधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' को नारासहित आयोजित पदयात्रा बिहान माइतीघर मण्डलबाट सुरु भई नयाँ बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो ।

सभामा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दुवाडीले प्रेस स्वतन्त्रता अवस्था वार्षिक प्रतिवेदन सार्वजनिक गरे । उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता मानव अधिकारकै अंग भएकाले त्यसको हनन् भएमा आयोग रक्षार्थ उभिने बताए । महासंघकी अध्यक्ष निर्मला शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक हक भएकाले कुण्ठित नहुने धारणा राखिन् ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा.डा. विजयप्रसाद मिश्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि कुनै अवरोध वा अड्चन आइलागे आफूहरूले कानुनी उपचारका साथै स्वतन्त्रताका पक्षमा नैतिक समर्थन जनाउने बताए ।

# ग्लान समुदायको ङारदिम उद्घाटन



■ **दिपा सुनुवार**

**नुवाकोट–** तामाङ समुदायभित्रको ग्लान थर भएकाहरू आफ्नो वंशको पहिचान र इतिहासको खोजी र संरक्षणमा जुटेका छन् । यही क्रममा शुक्रबार नुवाकोटको दुप्चेश्वर गाउँपालिका–४ गोल्फु नाम्सापुरानस्थित ग्लानहरूको ऐतिहासिक थलामा ग्लान वंशको प्रथम राष्ट्रिय भेला सम्पन्न भएको छ । नाम्सापुरान क्षेत्रलाई ग्लान थरीको उद्गमस्थलका रूपमा मानिएको छ । पछिल्लो समय ग्लान वंशका सदस्यहरूले सो स्थानलाई ऐतिहासिक थलोको रूपमा स्वीकार गर्दै ग्लान समुदायको ङारदिम (थातथलो) का रूपमा स्थापना गरेका हुन् ।

नवनिर्मित 'ग्लान ङारदिम'को उद्घाटन पूर्वसंस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङले गरे । उक्त संरचना आर्थिक वर्ष २०८१/८२ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट विनियोजित ९० लाख रूपैयाँ र दुप्चेश्वर गाउँपालिकाको नौ लाख रूपैयाँ सहयोगमा निर्माण गरिएको जानकारी दिइएको छ ।

कार्यक्रममा सम्बोधन गर्दै पूर्वसंस्कृति तामाङले नुवाकोट केवल ग्लानहरूको मात्र नभई तामाङ जातिभित्रका विभिन्न थरहरूको पवित्र उत्पत्तिस्थल भएको बताए । 'म मन्त्री हुँदा करिब ९० लाख रूपैयाँ बजेट विनियोजन गरी सुरु गरिएको ग्लान ङारदिम आज देशभरिका ग्लान समुदायलाई आफ्नै पुर्ख्यौली भूमिमा पाइला टेक्ने अवसर प्राप्त भएको छ,' उनले भने ।

आगामी दिनमा यस वंशलाई बृहत्तररूपमा अघि बढाउँदै विधान तथा कार्यविधि निर्माण गरिने उनले बताए । साथै, आफ्नो संस्कृति संरक्षणमा आफूबाट कुनै कमजोरी नहुने प्रतिबद्धता जनाए । उनले तामाङ समुदायको अधिकार, पहिचान र सशक्तिकरणका लागि यस्ता भेलाहरू अत्यन्त महत्त्वपूर्ण रहेको बताए ।

सोही भेलाले पत्रकार अर्जुन ग्लानको संयोजकत्वमा ११ सदस्यीय केन्द्रीय तदर्थ समिति गठन गरेको छ । समितिका सदस्यहरूमा रक्षबहादुर ग्लान (काठमाडौं), ललित ग्लान (मकवानपुर), सर्केस ग्लान (मकवानपुर), छिरिङदोर्जे ग्लान (नुवाकोट), बच्चुराम ग्लान (तादी), ज्ञानबहादुर ग्लान (दुप्चेश्वर, नुवाकोट), आनन्दी ग्लान (ककनी, नुवाकोट), बिना ग्लान (ललितपुर), शर्मिला ग्लान (धादिङ) र करुणा ग्लान (सूर्यगढी, नुवाकोट) रहेका छन् ।

# चैत मसान्तभित्र व्यवस्थित बासस्थान उपलब्ध गराउन रास्वपाको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को आइतबारको सचिवालय बैठकले हाल हटाइएका अतिक्रमित संरचना र सुकुमबासी बस्तीबाट हटाइएका नागरिकलाई यस वर्षको चैत मसान्तभित्र गाँस, बास, स्वास्थ्यलगायत सबै व्यवस्था गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय, वनस्थलीका भएको बैठकपछि प्रवक्ता मनिष झाले अधिकार सम्पन्न प्राधिकरण गठन गरेर सुकुमबासीको लगत संकलन नगरेसम्म अधिग्रहण गरिएका संरचनामाबाहेक अन्य स्थानमा घर/संरचना भत्काउन अब डोजर नचलाउन आग्रह गरेको जानकारी दिए ।

उनले अतिक्रमित संरचना र सुकुमबासी बस्ती व्यवस्थापनको काम आफूहरूको चुनावी वाचापत्रअनुसार नै भएको र उनीहरूको बसोबासको अवस्थालाई ध्यान दिएर सुरक्षित तथा व्यवस्थित बासस्थानमा स्थानान्तरण गर्न सरकारलाई आग्रह गरेको हो ।

विगतमा सरकारले उक्त समस्या समाधानका लागि गम्भीररूपमा ध्यान नदिएको र आफूहरूको चुनावी वाचापत्रअनुसार भूमिहीन सुकुमबासीलाई व्यवस्थित राख्न पहलकदमी भएको प्रवक्ता झाले बताए ।

'अहिले बस्तीविहीन भएकाहरू हामी सुरक्षित र मर्यादित व्यवस्थापन गर्नका लागि पहल गर्नेछौं । अधिकार सम्पन्न प्राधिकरणमार्फत दिगो व्यवस्थापन गर्नेछौं । प्राधिकरणले लगत लिएर कम्तीमा ७५ प्रतिशत नागरिकको व्यवस्थापन आउँदो चैत मसान्तभित्र सरकारले गरिसकेको हुने छ,' प्रवक्ता झाले भने, 'सुकुमबासीको लगत उपलब्ध नगराएसम्मका लागि अब अधिग्रहण गरिएका संरचनाहरू तथा स्थानीय तहको अधिकार क्षेत्रमाबाहेक अन्य स्थानमा सुकुमबासी बस्ती भत्काउन डोजर नचलाउन सरकारलाई सुझाव दिने निर्णय गरेका छौं ।'

प्रवक्ता झाले नदी किनारमा आउने वर्षामा बाढी आउने भएकाले त्यहाँका सुकुमबासीलाई सुरक्षित स्थानमा लैजान आवश्यक रहेको बताए ।


## सच्याइएको

यस शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. को मिति २०८२ साल चैत्र २२ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा धितो लिलाम बिक्री गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचनामा सिलबन्दी बोलपत्र खोल्ने मिति २०८३ साल वैशाख २७ गते (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट) हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको छ ।

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं**
**फोन नं ४५६१३२७, ४५६१७५६, सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं**

## कर्मचारी नरहेको सम्बन्धी सूचना

यस **Great Nepal H.R. Pvt. Ltd.** (ई.प.नं. १६८८/०८०/०८१) मा कार्यरत **राम बहादुर डि.सी.**(ना.प्र.प्र.नं.५५-०२-७७-००२४२) आजको मितिबाट यस प्रा.लि. मा नरहेको हुनाले निज राम बहादुर डि.सी.बाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074
E-mail : infogreatnepalhr2000@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मिति: २०८३/०१/२१**

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय नारायणगोपालचोक, काठमाडौंबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले सिटिजन्स मोर्गेज लोन-आवधिक कर्जा शिर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीहरुलाई मिति २०७९/०८/२८ को नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति वि.सं. २०७९/१२/१२ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति वि.सं. २०८३/०१/०९ मा मिसन टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणीहरु तथा जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौंमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**कर्जा शिर्षक : सिटिजन्स मोर्गेज लोन –आवधिक कर्जा**

**ऋणीहरुको नाम र ठेगाना**

**१. नाम : प्रमेश थापा**
बाबु : भिमसेन थापा
बाजे : हस्त बहादुर थापा
ठेगाना : बालकुमारी गा.वि.स.-१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं : २५५२४९८
जारी मिति : २०५४/०८/१२
जि.प्र.का. : नुवाकोट

**२. नाम : जानुकी थापा**
बाबु : हिरेन्य बहादुर पाण्डे
पति : भिमसेन थापा
ससुरा : हस्त बहादुर थापा
ठेगाना : बालकुमारी गा.वि.स.-२, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं : १७५१
जारी मिति : २०४६/०२/२४
जि.प्र.का. : नुवाकोट

**जमानीकर्ताको नाम र ठेगाना**

**नाम : भगवती थापा**
बाबु : वृख बहादुर खड्का
पति : प्रमेश थापा
ससुरा : भिमसेन थापा
ठेगाना : बालकुमारी गा.वि.स.-१, नुवाकोट
हाल : बुढानिलकण्ठ न.पा.-४, काठमाडौं
ना.प्र.नं : २५१०३१/१२६
जारी मिति : २०६८/०१/०२
जि.प्र.का. : नुवाकोट

**धितो राखिएको सम्पत्तिको विवरण**

**धितो सुरक्षण धनीको नाम : जानुकी थापा**

| | |
|---|---|
| जिल्ला | काठमाडौं |
| न.पा./गा.वि.स. | चपली भद्रकाली |
| वडा नं | ८ |
| नक्सा सिट | १०२/०८६८२४ |
| कि.नं. | ३४ |
| क्षेत्रफल (व.मि.) | ९५.४० |
| कैफियत | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय नारायणगोपालचोक, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०८३/०१/२९, मंगलबार**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, दरबारमार्ग, काठमाडौं ।**

Citizens Bank

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR



## कुवेतमा रोजगार

कम्पनी : NO LIMIT READY MADE CLOTHES ACCESSORIES AND SHOES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | LT. No. 341330 | चलानी नं. ६०२५४७१७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1. | Ladies Cloth Sales Person | 0 | 2 | 150 | ७४,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Gulf Asia Manpower Pvt.ltd.
गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

## मलेसियामा रोजगार

कम्पनी : SASA SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०१/२० | LT. No. 333454 | चलानी नं. ६०२४७१३२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 100 | 0 | 1700 | ६५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ वैशाख २८ गते (11th May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम ईजाजत नं. १७२०/०८१/०८२



## एकता बहुउद्देश्यीय सहकारी संस्था लि
ललितपुर महानगरपालिका–१९, कुमारीपाटी, ललितपुर, फोन : ०१–५४२४१३५

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

*प्रथम पटक प्रकाशित मिति २०८३/०१/२१ गते*

यस संस्थाबाट तपसिलका सदस्यले आफ्नो व्यवसाय सञ्चालन गर्न निम्न लिखित अचल सम्पत्ति धितो राखी लिनुभएको कर्जालाई यस संस्थासँग गरेको सम्झौता वमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सो को पूर्ण बेवास्ता गर्दै कर्जा चुक्ता गर्न कुनै चासो नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको सम्पूर्ण साँवा, व्याज तथा अन्य दस्तुर रकम फछ्र्योट गर्न/गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ र यो सूचनाको समेत बेवास्ता गरी बस्नु भएमा यस संस्थाले प्रचलित ऐन, नियम कानून, विनियम वमोजिम धितो सुरक्षण लिलाम विक्रीको प्रक्रिया अगाडि बढाउने व्यहोरा पनि जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको नाम, थर | ऋणीका फोटो | | जमानीको फोटो |
|---|---|---|---|---|
| १ | नाम : मधुसुधन ति.खत्री<br>ठेगाना : का.म.म.न.पा १५, स्वयम्भू<br>बाबु : कृष्ण बहादुर ति.खत्री<br>ना.प्र.नं.: ४५२१/काठमाडौं<br>जारी मिति : २०५५/०७/२४ | | नाम : शर्मिला ति.खत्री<br>ठेगाना : का.म.म.न.पा १५, स्वयम्भू<br>बाबु : कृष्ण बहादुर सेवा<br>बाजे :<br>ना.प्र.नं. : ५०३६/काठमाडौं<br>जारी मिति : २०५५/०८/०४ | |
| २ | नाम : अमित शंकर गिरी<br>ठेगाना : महुवा ०१, धनुषा<br>बाबु : गिरीजा शंकर गिरी<br>बाजे : देव शंकर गिरी<br>ना.प्र.नं.: ७८९९७/काभ्रे<br>जारी मिति : २०५५/०६/०२ | | नाम : निसु गिरी<br>ठेगाना : महुवा ०१, धनुषा<br>बाबु : केशव राज गिरी<br>बाजे : जनक राज गिरी<br>ना.प्र.नं.: ३४३/०४० /धनुषा<br>जारी मिति : २०४६/०६/१७ | |
| ३ | नाम : सुजाता पुलामी<br>ठेगाना : शिखर आम्बोटे ०४, काभ्रे<br>बाबु : नर बहादुर मगर<br>बाजे : पदम बहादुर पुलामी<br>ना.प्र.नं.: १५५७४३/काभ्रेपलाञ्चोक<br>जारी मिति : २०६३/०८/०७ | | नाम : होम बहादुर कार्की<br>ठेगाना : सैलुङ्गेश्वर, दोलखा<br>बाबु : प्रेम बहादुर कार्की<br>बाजे : भक्त बहादुर कार्की<br>ना.प्र.नं.: २४४६४/दोलखा<br>जारी मिति : २०७५०७२५ | |
| ४ | नाम : अम्बिका विश्वकर्मा<br>ठेगाना : खोक्सर प्रवाहा ०७, सप्तरी<br>बाबु : जगरनाथ विश्वकर्मा<br>बाजे : राम बच्चन विश्वकर्मा<br>ना.प्र.नं. : १६१०६३/१५, सप्तरी<br>जारी मिति : २०५५/०२/१० | | नाम : राज कुमार विश्वकर्मा<br>ठेगाना : खोक्सर प्रवाहा ०७, सप्तरी<br>बाबु : अवधलाल विश्वकर्मा<br>बाजे : अमृत लाल विश्वकर्मा<br>ना.प्र.नं.: २०७२/सप्तरी<br>जारी मिति : २०५५/०२/२१ | |
| ५ | नाम : किरण कुवँर<br>ठेगाना : नौविसे ०२, धादिङ<br>बाबु : रामशरण कमर<br>बाजे : डमर बहादुर कमर<br>ना.प्र.नं.: ९५४८, धादिङ<br>जारी मिति : २०६३/०५/१५ | | नाम : सम्पुर्ण कुवँर<br>ठेगाना : नौविसे ०२, धादिङ<br>बाबु : अशोक कुमार थापा<br>बाजे : शिवजि थापा<br>ना.प्र.नं.: २६१/३२०१५, धादिङ<br>जारी मिति : २०६६/०९/२१ | |
| ६ | नाम : कविता महर्जन<br>ठेगाना : ल.पु.म.न.पा. ११, धापाखेल<br>बाबु : गणेश बहादुर बुढाथोकी<br>बाजे : कुमार बुढाथोकी<br>ना.प्र.नं.: २८-०१-०६४-०००८६, ललितपुर<br>जारी मिति : २०६४/०४/१७ | | नाम : मनोज महर्जन<br>ठेगाना : ल.पु.म.न.पा. ११, धापाखेल<br>बाबु : ग्वारा महर्जज<br>बाजे : माइला महर्जन<br>ना.प्र.नं.:२८-०१-७३-००१४१, लालितपुर<br>जारी मिति : २०७३/०१/१० | |
| ७ | नाम : कुमार सुनार<br>ठेगाना : थान्सीङ<br>बाबु : मान बहादुर सुनाँर<br>बाजे : भिम सिह सुनाँर<br>ना.प्र.नं.: ७६८१९/नुवाकोट<br>जारी मिति : २०५९/०१/३१ | | नाम : निर्मला सुनाँर<br>ठेगाना : लिखु गा.पा. ६, नुवाकोट<br>बाबु : सुकदेव कामी<br>बाजे : सेते कामी<br>ना.प्र.नं.: २५/०१/७६/०५१३४<br>जारी मिति : २०७६/०८/०४ | |
| ८ | नाम : भाई काजी गुरुङ<br>ठेगाना : धुलिखेल ०६, काभ्रे<br>बाबु : इन्द्र बहादुर गुरुङ<br>बाजे : हर्क बहादुर गुरुङ<br>ना.प्र.नं.: १५७१८/काभ्रे<br>जारी मिति : २०५९/११/१९ | | नाम : च्यान्टीमाया मोक्तान<br>ठेगाना : कु.दुम्जा ०९, सिन्धुली<br>बाबु : कामी सिं मुक्तान<br>बाजे : शिर बहादुर मुक्तान<br>ना.प्र.नं.: २०३०२०/३०३, सिन्धुली<br>जारी मिति : २०६३/११/१४ | |
| ९ | नाम : एक बहादुर स्याङतान<br>ठेगाना : कुलेखानी ७, मकवाँनपुर<br>बाबु : तेज बहादुर स्याङतान<br>बाजे :वेद बहादुर स्याङतान<br>ना.प्र.नं.: ३११०२७/७७५२२, मकवानपुर<br>जारी मिति : २०६७/०८/१४ | | नाम : बुद्धिमान थिङ<br>ठेगाना : भिमान ०४, सिन्धुली<br>बाबु : आईत सिंह तामाङ<br>बाजे : राम बहादुर थिङ<br>ना.प्र.नं.: १८०५/४०७७<br>जारी मिति : २०४४/११/०३ | |
| १० | नाम : हेम बहादुर पुन<br>ठेगाना : दुदिलाभाटी ०१, बाग्लुङ<br>बाबु : धन बहादुर पुन<br>बाजे : खड्ग बहादुर पुन<br>ना.प्र.नं.: १०५/८७, बाग्लुङ<br>जारी मिति : २०४५/१२/०७ | | नाम : संजिब काउचा पुन<br>ठेगाना : महालक्ष्मी न.पा.०९, ललितपुर<br>बाबु : हेम बहादुर पुन<br>बाजे : धन बहादुर पुन<br>ना.प्र.नं.:२८ ०१ ७५/०१५४४, ललितपुर<br>जारी मिति : २०७५/०३/१० | |
| ११ | नाम : बुद्धरत्न शाक्य<br>ठेगाना : ल.म.न.पा.०८, ललितपुर<br>बाबु : वेशारत्न शाक्य<br>बाजे : मान राज शाक्य<br>ना.प्र.नं.: १०४७८३, ललितपुर<br>जारी मिति : २०५६/१२/०२ | | नाम : सिता खत्री क्षेत्री शाक्य<br>ठेगाना : ल.म.न.पा. ०८, ललितपुर<br>बाबु : ढिकाराम क्षेत्री<br>बाजे :<br>ना.प्र.नं.: २८-०१-७४-०३६१९, ललितपुर<br>जारी मिति : २०७४/०६/०९ | |
| १२ | नाम : प्रणय प्रसाद पाठक<br>ठेगाना : सुनखानी ०२, दोलखा<br>बाबु : मोहन प्रसाद पाठक<br>बाजे : महानन्द पाठक<br>ना.प्र.नं.:२२-०१-७१-०२४३८, दोलखा<br>जारी मिति : २०७१/०५/०२ | | नाम : राजेश कार्की<br>ठेगाना : च्यो ०५, भोजपुर<br>बाबु : हेम राज कार्की<br>बाजे : इच्छा बहादुर कार्की<br>ना.प्र.नं.: ६४६७६, इलाम<br>जारी मिति : २०५९/०२/०२ | |
| १३ | नाम : आई बहादुर खत्री<br>ठेगाना : राम्जादेउराली ३, पर्वत<br>बाबु : भिम बहादुर खत्री क्षेत्री<br>बाजे : चन्द वीर खत्री<br>ना.प्र.नं.: १९३७८/पर्वत<br>जारी मिति : २०५५/१०/२२ | | नाम : विश्व खत्री<br>ठेगाना : मोदी गा.पा.ठ, पर्वत<br>बाबु : आई बहादुर खत्री<br>बाजे : भिम ब. खत्री क्षेत्री<br>ना.प्र.नं.: ५१-०१-७५-००६४६/पर्वत<br>जारी मिति : २०७५/०२/२० | |
| १४ | नाम : राजु तामाङ डिमडुङ<br>ठेगाना : गोदावरी न.पा.७, ललितपुर<br>बाबु : पूर्ण बहादुर तामाङ डिमडुङ<br>बाजे : बुल्डि बहादुर डिमडुङ<br>ना.प्र.नं.: २८-०१-७१-०३७०३/ललितपुर<br>जारी मिति : २०७१/०६/३० | | नाम : पूर्ण बहादुर तामाङ डिमडुङ<br>ठेगाना : गोदावरी न.पा.७, ललितपुर<br>बाबु : बुल्डि बहादुर डिमडुङ<br>बाजे : सुक राम डिमडुङ<br>ना.प्र.नं.: ४३३३०/ललितपुर<br>जारी मिति : २०६३/०२/२३ | |
| १५ | नाम : बिमला नेपाली<br>ठेगाना : कीर्तिपुर न.पा.७, काठमाडौं<br>बाबु : श्याम बहादुर परियार<br>बाजे : राजेन्द्र नेपाली<br>ना.प्र.नं.: २७०१७३०४९८६/काठमाडौं<br>जारी मिति : २०७३/०३/१९ | | नाम : शान्ति तामाङ<br>ठेगाना :<br>बाबु : श्याम बहादुर नेपाली<br>बाजे : राजेन्द्र नेपाली<br>ना.प्र.नं.:<br>जारी मिति : | |

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कूटनीतिमा लिपुलेक: विज्ञप्तिभन्दा माथिको पहल आवश्यक

नेपाली भूमि लिपुलेक हुँदै भारत र चीनबीच कैलाश मानसरोवर यात्रा सञ्चालन गर्ने निर्णयले फेरि एकपटक नेपालको सार्वभौमिकता, कूटनीति र भू-राजनीतिक संवेदनशीलताको प्रश्नलाई सतहमा ल्याएको छ। धार्मिक आस्थासँग जोडिएको यो विषय तीर्थाटनको सीमाभित्रमात्रै सीमित छैन, छिमेकी राज्यबीचको विश्वास, सिमाना र सम्मानको मुद्दालाई फेरि बहसमा ल्याएको छ।

हुन त नेपाल सरकारले औपचारिकरूपमा आपत्ति जनाउँदै स्पष्ट पारेको छ कि सुगौली सन्धि १८१६ अनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालको अभिन्न भूभाग हुन्। यो दाबी भावनात्मक वा राजनीतिक वक्तव्यमात्र होइन, ऐतिहासिक सन्धि, नक्सा र प्रमाणमा आधारित छ। त्यसैले नेपालको भूमिमाथि तेस्रो पक्षबीच सहमति गरेर गतिविधि सञ्चालन गर्नु कूटनीतिक दृष्टिले अस्वीकार्यमात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यताविरुद्ध पनि हो।

उसो त भारत र चीनबीच लिपुलेक नाका प्रयोग गरेर मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने सहमति असामान्य विषय होइन। दुई ठूला छिमेकी राष्ट्रबीच धार्मिक पर्यटन विस्तार गर्नु स्वाभाविक पनि देखिन सक्छ। तर, समस्या त्यहाँ उत्पन्न भयो, जहाँ विवादित क्षेत्रलाई बेवास्ता गर्दै सम्बन्धित तेस्रो देश नेपाललाई औपचारिक जानकारीसमेत नदिइकन निर्णय कार्यान्वयनतर्फ अघि बढाइयो। जबकि, कुनै पनि सार्वभौम राष्ट्रका लागि यस्तो कार्य स्वीकार्य हुन सक्दैन।

यो घटना नेपालका लागि कूटनीतिक कमजोरीको उपज पनि हो। वर्षौंदेखि कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रको विवाद समाधान हुन सकेको छैन। विभिन्न समयमा नेपालले आपत्ति जनाए पनि व्यवहारतः कूटनीतिक माध्यमबाट भारतसँग संवाद गरेर समाधान गर्न अक्षमता प्रकट गरिरहेको छ।

अहिले चीनसमेत अप्रत्यक्ष रूपमा भारतसँग स्वीकार्दै कैलाश मानसरोवार यात्राका लागि सहमति प्रक्रियामा सहभागी हुनु नेपालका लागि थप जटिलता निम्त्याउने पक्ष हो। यस प्रसंगमा नेपालको कूटनीतिक रणनीति कस्तो हुनुपर्छ भन्ने प्रश्न अत्यन्त महत्वपूर्ण हुन्छ। पहिलो त नेपालले आफ्नो दाबीलाई केवल प्रेस विज्ञप्ति र वक्तव्यमा सीमित राख्नु हुँदैन। ठोस कूटनीतिक पहल गर्नुपर्छ। द्विपक्षीय तथा त्रिपक्षीय संवादको संरचना र अन्तर्राष्ट्रिय समर्थन जुटाउने प्रयास आवश्यक छ। दोस्रो, ऐतिहासिक प्रमाण, नक्सा र कानुनी आधारलाई व्यवस्थित रूपमा प्रस्तुत गर्दै विश्व समुदायलाई विश्वस्त पार्नुपर्ने हुन्छ।

नेपाल-भारत सम्बन्ध परम्परागत रूपमा घनिष्ठ, सांस्कृतिक रूपमा नजिक र आर्थिक रूपमा परस्पर निर्भर छन्। त्यस्तै, नेपाल-चीन सम्बन्ध पनि पछिल्लो समय तीव्र रूपमा विस्तार भइरहेको छ। तर, यस्ता संवेदनशील विषयमा दुबै छिमेकीबाट नेपालको चासोलाई बेवास्ता गरिनु चिन्ताजनक संकेत हो। यसले नेपाललाई आफ्नो परराष्ट्र नीतिमा सन्तुलन र दृढता दुवै कायम गर्नुपर्ने चुनौती थपेको छ।

अर्कोतर्फ, मानसरोवर यात्रा धार्मिकरूपमा अत्यन्त महत्त्वपूर्ण गन्तव्य हो। हिन्दू, बौद्ध, जैन र बोन धर्मावलम्बीहरूका लागि यो आस्थाको केन्द्र हो। यसलाई रोक्ने वा अवरोध गर्ने नेपालका लागि व्यावहारिक विकल्प पनि होइन। तर, यसको व्यवस्थापनमा आफ्नो भूभाग प्रयोग हुँदा नेपाललाई पूर्णरूपमा बेवास्ता गरिनु स्वीकार्य हुन सक्दैन।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन्। त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ। कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ। रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ। तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ। उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन। उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ। उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ। समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन। यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ। तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस्। नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन्। यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस्।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन्। तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस्। उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन्। खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ। मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ। कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ। रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस्। राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ। यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने।

# सुकुमबासीको व्यवस्थापन: परीक्षणमा ‘वालेन्द्र शैली’



❑ वैकुण्ठ भण्डारी

> “सुकुमबासी समस्या केवल बसोबासको प्रश्न होइन, यो राज्यको चरित्र, राजनीतिक संस्कार र विकासको दृष्टिकोणसँग जोडिएको गहिरो विषय पनि हो। दशकौंदेखि यो मुद्दा उठ्दै आएको छ, १८ वटा आयोग बनेका थिए। योजना घोषणा गरिएका छन्, तर समस्या समाधान हुनुको सट्टा अझ जटिल बन्दै थियो। यसको स्पष्ट अर्थ हामीले समस्या समाधान गर्न खोज्यौं, तर सही तरिकाले होइन। आजको बहस पनि त्यही नै हो। जसले परम्परागत शासनभन्दा ‘व्यवस्थापन’लाई प्राथमिकता दिन्छ। यही सन्दर्भमा वालेन्द्र शाहको नाम बारम्बार उठ्छ। उनलाई धेरैले शासक होइन, व्यवस्थापकका रूपमा हेर्छन्। जसले निर्णय गर्नेमात्र होइन, कार्यान्वयन पनि गराउँछ।

२०७२ वैशाख १२ गते विनासकारी भूकम्पले झट्का दिएको ठ्याक्कै १० वर्ष पूरा हुँदै गर्दा २०८३ साल वैशाख १२ गते बिहानको उदाउँदो घाम छिप्पिन नपाउँदै थापाथलीस्थित सुकुमबासी बस्तीमा रहेका घर टहरा डोजरले गर्ल्यामगुर्लुम ढलाउने काम सुरु भयो। सार्वजनिक जग्गा र नदी किनारामा रहेको अव्यवस्थित बसोबासलाई हटाउने सरकारी योजनाअनुरूप सुकुमबासी बस्तीमा डोजर चलाइएको थियो।

सहरका ठूला भवनलाई १० वर्षअघि प्राकृतिक विपद्ले ढलाएको थियो। त्यसको ठीक १० वर्षपछि सुरक्षाकर्मीहरूको दलबलसहित डोजर लगाएर दशकौंदेखि थापाथलीमा जरा गाडेर बसेको सुकुमबासी समस्याको खिल निकाल्ने काम सहजरूपमा भयो।

प्रधानमन्त्री वालेन्द्र शाहको निर्देशनमा सुकुमबासी बस्तीलाई व्यवस्थित गर्ने र सुकुमबासीका नाममा सरकारी जग्गा कब्जा गरिरहेका ‘हुकुमबासी’लाई तह लगाउने योजना पनि थियो भन्दा फरक नपर्ला। थापाथलीबाट सुरु भएको सुकुमबासी बस्ती, सरकारी सार्वजनिक जग्गामा बनेका घर, टहरा हटाउने र भत्काउने काम निरन्तर जारी छ। र, यो अभियान देशभर नै चलाइएको छ।

सुकुमबासी बस्तीमा डोजर चलाएसँगै प्रधानमन्त्री शाहलाई शासकका रूपमा चित्रित गर्न खोजिएको छ। वास्तवमा, सरकारी अतिक्रमित जग्गामा बनेको संरचना भत्काउनु र राजनीतिक आडमा अग्लाअग्ला भवन बनाएर तिनै गरिबहरूसँग भाडा असुलेर खानेहरूलाई तह लगाउने क्रममा प्रधानमन्त्री शाह असल व्यवस्थापकका रूपमा उभिएका छन्।

नेपालको राजनीतिमा एउटा नयाँ बहस सुरु भएको छ- नेतृत्व भनेको के हो ? के शासक हुनु नै सफल नेतृत्वको संकेत हो ? वा सक्षम व्यवस्थापक हुनु वास्तविक परिवर्तनको आधार हो ? प्रधानमन्त्री शाहलाई लिएर धेरै चर्चा हुने गरेको छ। धेरैले उनलाई परम्परागत राजनीतिक नेतृत्वभन्दा फरक, परिणाममुखी र व्यवस्थापन क्षमतायुक्त व्यक्तिका रूपमा हेर्छन्। यस दृष्टिकोणले एउटा महत्त्वपूर्ण प्रश्न उठाउँछ- यदि व्यवस्थापन क्षमताले स्थानीय तहमा परिवर्तन ल्याउन सक्छ भने, के त्यही दृष्टिकोण राष्ट्रियस्तरमा पनि प्रभावकारी बन्न सक्ला ?

२०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा देशको राजधानी रहेको काठमाडौं महानगरपालिकाको प्रमुख पदमा स्वतन्त्र उम्मेदवारका रूपमा वालेन्द्रले उत्साहपूर्ण मतले जित हासिल गरे। सो जितलाई राजनीतिक आस्था बोकेका र विश्लेषण गर्नेहरूले पञ्चायतकालमा निर्वाचित नानीमैयाँ दाहालसँग दाँज्ने प्रयास पनि गरे। तर २०४६ सालमा प्राप्त प्रजातन्त्रपछि तीन दशकसम्म राजनीतिक आवरणमा भएका कमी कमजोरी, नातावाद, बेथिति र भ्रष्टाचारका विषयमा कसैले विश्लेषण गर्ने साहस नै गरेनन्। एकाध व्यक्तिहरू, जो बेथिति र भ्रष्टाचारका विपक्षमा आवाज उठाउनेहरूको आवाज दबिएर नै रहन्थ्यो। त्यही भएर पनि २०७९ मा भएको स्थानीय तहको निर्वाचन र वालेन्द्र शाहको उदय परम्परागत दलगत राजनीतिप्रति जनतामा बढ्दो असन्तुष्टिको परिणाम थियो।

दशकौंदेखि सत्ता सम्हाल्दै आएका राजनीतिक दलहरूले विकास, सुशासन र समानताका क्षेत्रमा अपेक्षाकृत परिणाम दिन नसकेको अवस्थामा वालेन्द्रको उदय जरुरी थियो। स्वतन्त्र उम्मेदवारी दिएर उनले चुनाव जित्नु आफैंमा एउटा संकेत थियो- जनता अब फरक शैलीको नेतृत्व खोजिरहेका छन्। वालेन्द्रले आफूलाई ‘शासक’ भन्दा ‘व्यवस्थापक’को रूपमा प्रस्तुत गरेका छन्, जसले नियम र प्रणाली कार्यान्वयनलाई प्राथमिकता दिए।

व्यवस्थापनको मूल आधार भनेको स्रोतको प्रभावकारी उपयोग, स्पष्ट लक्ष्य र परिणाममा केन्द्रित कार्यशैली हो। काठमाडौं महानगरपालिकामा उनले केही यस्ता निर्णयहरू लिए जसले तत्काल प्रभाव देखायो- अवैध संरचना हटाउने, सार्वजनिक स्थानको संरक्षण गर्ने र प्रशासनिक प्रक्रियामा कडाइ ल्याउने। यस्ता कदमहरू लोकप्रियसँगै विवादास्पद पनि बने। तर यिनले एउटा सन्देश भने स्पष्ट दिए- कानुन कार्यान्वयन गर्न इच्छाशक्ति भएमा परिणाम सम्भव छ। अनि नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकाको प्रमुखलाई कतिसम्म अधिकार दिएको छ र त्यसको कार्यान्वयन कसरी गर्नु पर्दछ भन्ने वालेन्द्रले देखाइदिए।

अहिले चर्चामा रहेको सुकुमबासी बस्तीको समस्या समाधान वालेन्द्र महानगरको मेयर हुँदा नै गर्ने प्रयास नगरेका होइनन्। तर त्यसबेलाको संघीय सरकारले सहयोग नगरेकै कारण त्यो सम्भव हुन सकेको थिएन। तथापि, महानगरभित्र सार्वजनिक जग्गा अतिक्रमणलाई रोक्ने र अतिक्रमित जग्गा सरकारको नाममा ल्याउन भने सफल भएको देखिन्छ। सुकुमबासी बस्तीको विषय भने जटिल र संवेदनशील छ।

नेपालमा सुकुमबासी समस्या केवल आवासको अभावमात्र होइन। यो गरिबी, असमानता, अवसरको कमी र राजनीतिक स्वार्थसँग गाँसिएको मुद्दा पनि हो। दशकौंदेखि विभिन्न सरकारहरूले यो समस्या समाधान गर्न आयोगहरू गठन गरे, योजना बनाए, बजेट खर्च गरे, तर ठोस समाधान भने आएन। सरकारले १८ वटा आयोग बनायो। पदाधिकारीहरूलाई नियुक्ति दियो। अर्बौं रूपैयाँ पनि सकियो तर समस्या समाधान हुन सकेन। यसको कारण केवल प्रशासनिक कमजोरीमात्र होइन, राजनीतिक इच्छाशक्तिको अभाव पनि हो भन्ने आरोप बारम्बार उठ्दै आएको छ।

सुकुमबासी बस्ती प्रायः नदी किनार, सार्वजनिक जग्गा वा जोखिमयुक्त क्षेत्रमा रहेका छन्। ती बस्तीलाई हटाउनुमात्र समाधान होइन, किनकि त्यहाँबाट विस्थापितहरूलाई विकल्प दिनुपर्छ। तर व्यवहारमा धेरै पटक यस्तो देखिएको छ कि सुकुमबासीको नाममा राजनीतिक दलहरूले आफ्नो प्रभाव कायम राख्ने प्रयास गरेका छन्। कतिपय अवस्थामा ‘हुकुमबासी’ भन्ने आरोप पनि लाग्ने गरेको छ, अर्थात् वास्तविक सुकुमबासीभन्दा फरक समूह जसले राजनीतिक संरक्षणमा सार्वजनिक जग्गा अतिक्रमण गरिरहेका छन्।

यदि वालेन्द्रजस्ता व्यवस्थापकले यस्तो समस्यामा हस्तक्षेप गर्छन् भने उनीहरूको दृष्टिकोण कडा र कार्यान्वयनमुखी हुन सक्छ। एउटा सूचनाले नै बस्ती खाली भयो भन्ने कथनले यस्तै कडाइको संकेत दिन्छ। तर यथार्थमा यस्तो प्रक्रिया सरल हुँदैन। सुकुमबासी हटाउँदा मानवीय पक्षलाई बेवास्ता गर्न मिल्दैन। यदि पुनर्वासको स्पष्ट योजनाविना हटाइयो भने, समस्या केवल स्थान परिवर्तन हुन्छ- समाधान हुँदैन। त्यसैले सुकुमबासी समस्या समाधानका लागि तीनवटा प्रमुख आधार महत्त्वपूर्ण देखिन्छ।

**पहिलो, तथ्यांकको विश्वसनीयताः** वास्तवमा को सुकुमबासी हो, को होइन ? यसको स्पष्ट पहिचान हुनु आवश्यक छ।

**दोस्रो, पुनर्वासको योजनाः** सुरक्षित आवास, आधारभूत सेवा, र रोजगारीको अवसरविना कुनै पनि पुनर्स्थापन दिगो हुँदैन।

**तेस्रो, राजनीतिक सहमतिः** यदि सबै दलहरूले साझा धारणा बनाउँदैनन् भने, कुनै पनि प्रयास विवादमा पर्न सक्छ।

तर अहिले सुकुमबासी बस्ती हटाउँदै गर्दा कसरी हट्यो ? कसको आदेशले भइरहेको छ ? भन्ने प्रश्न भने उब्जिएको छ। बस्ती खाली गर्नुभन्दा अघिल्लो मन्त्रिपरिषद्को बैठकले बस्ती खाली गराउनेबारे कुनै निर्णय नगरेको सरकारका प्रवक्ताले बताएका थिए। तर एकाएक वैशाख ११ गतेसम्म बस्ती खाली गर्नू, नभए १२ गते बस्तीमा डोजर चल्छ भन्ने जिल्ला प्रशासन कार्यालयको सूचनाले त्रासको वातावरण बनायो। यद्यपि, कुनै राजनीतिक दलहरूले त्यसतर्फ आफ्ना अभिव्यक्ति सार्वजनिक गरेनन् !

राजनीतिक दलहरूको मौनतालाई विभिन्न रूपमा व्याख्या गर्न थालिएको छ। केहीले यसलाई डरको परिणाम भनेका छन्। नयाँ शैलीको नेतृत्वले पुराना संरचनालाई चुनौती दिइरहेको छ भन्ने पनि छन्। तर अर्को दृष्टिकोणले हेर्दा, यो रणनीतिक मौनता पनि हुन सक्छ। संवेदनशील विषयमा तुरुन्त प्रतिक्रिया नदिई परिस्थितिलाई अवलोकन गर्ने प्रवृत्ति राजनीतिमा सामान्य हो। त्यसैले मौनता सधैं कमजोरीको संकेत नहुन सक्छ भन्ने बुझ्न पनि आवश्यक छ।

यद्यपि, वालेन्द्रको शैलीले एउटा नयाँ बहस सुरु गरेको छ- नेपाललाई व्यवस्थापक चाहिएको हो वा परम्परागत राजनीतिक नेता ? व्यवस्थापकले परिणाम दिन सक्छ, तर राजनीति केवल व्यवस्थापनमात्र होइन। यसमा सहमति निर्माण, विविध समूहहरूको प्रतिनिधित्व र दीर्घकालीन नीति निर्माण पनि पर्छ। यदि व्यवस्थापन र राजनीतिबीच सन्तुलन कायम गर्न सकियो भनेमात्र दिगो परिवर्तन सम्भव हुन्छ।

सुकुमबासी बस्ती हटाउँदा सामाजिक असन्तोष बढ्दै गइरहेको छ। यदि प्रभावित समुदायलाई उचित विकल्प दिइएन भने, उनीहरू पुनः अन्य स्थानमा बसोबास गर्न बाध्य हुन्छन्। यसले नयाँ समस्या सिर्जना गर्छ नै। निर्वाचनअघिसम्मको अवस्थालाई आमनागरिकहरूमा वालेन्द्रजस्ता नेतृत्वले आशा जगाएको थियो कि, ‘परिवर्तन सम्भव छ’। हो, त्यही जनताले देखेको सम्भावना अहिले यथार्थमा देखिँदै छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिले संकेत गरेजस्तै पुरानो घाउको खिलका निकाल्ने काम भएको छ। तर त्यो परिवर्तन दिगो बनाउन प्रणालीगत सुधार आवश्यक छ। केवल व्यक्तिको क्षमतामा निर्भर रहने होइन, संस्थागत ढाँचालाई बलियो बनाउनु जरुरी छ। यदि व्यवस्थापन क्षमतालाई नीति, कानुन र सामाजिक संवेदनशीलतासँग जोड्न सकियो भने नेपालले सुकुमबासीजस्ता जटिल समस्याहरूको समाधानतर्फ ठोस कदम चाल्न सक्छ।

सुकुमबासी समस्या आफैंमा समस्या होइन, समस्या हो त्यो संरचनाको, जसले उनीहरूलाई सधैं कमजोर अवस्थामा राख्छ। यदि त्यो संरचना परिवर्तन गर्न सकियो भनेमात्र वास्तविक समाधान निस्कन्छ। नेपालको सामाजिक र राजनीतिक इतिहासमा सुकुमबासी समस्या केवल बसोबासको प्रश्न होइन, यो राज्यको चरित्र, राजनीतिक संस्कार र विकासको दृष्टिकोणसँग जोडिएको गहिरो विषय पनि हो। दशकौंदेखि यो मुद्दा उठ्दै आएको छ, १८ वटा आयोग बनेका थिए। योजना घोषणा गरिएका छन्, तर समस्या समाधान हुनुको सट्टा अझ जटिल बन्दै थियो। यसको स्पष्ट अर्थ हामीले समस्या समाधान गर्न खोज्यौं, तर सही तरिकाले होइन।

आजको बहस पनि त्यही नै हो। जसले परम्परागत शासनभन्दा ‘व्यवस्थापन’लाई प्राथमिकता दिन्छ। यही सन्दर्भमा वालेन्द्र शाहको नाम बारम्बार उठ्छ। उनलाई धेरैले शासक होइन, व्यवस्थापकका रूपमा हेर्छन्। वालेन्द्र त्यस्तो व्यक्ति जसले निर्णय गर्नेमात्र होइन, कार्यान्वयन पनि गराउँछ। काठमाडौं महानगरपालिकामा उनको कार्यशैलीले यही सन्देश दिएको थियो। इच्छाशक्ति र व्यवस्थापन क्षमता छ भने वर्षौंदेखि थन्किएका कामहरू पनि अघि बढ्न सक्छन्। सुकुमबासी बस्ती पनि त्यसैको परिणाम हो।

तर सुकुमबासी समस्या यति सरल छैन कि केवल एउटा कडा निर्णयले समाधान होस्। यो समस्या समाजको गहिरो तहसँग जोडिएको छ। २०५२ फागुन १ गतेबाट सुरु भएको माओवादी विद्रोह, त्यसबाट विस्थापितहरूको पीडा, युद्धसँगै गाउँबाट सहरतर्फको सुरक्षाका लागि तीव्र बसाइँसराइ, रोजगारीको अभाव, शिक्षा र स्वास्थ्य सेवामा असमान पहुँच। यी सबै कारणले मानिसहरू सहरमा आएर जहाँ कसैले प्रश्न गर्दैन तिनै ठाउँ (सरकारी जग्गा) रोजे र बस्न बाध्य भए। जब राज्यले समयमै योजनाबद्ध आवास व्यवस्था गर्न सकेन, तब अनौपचारिक ‘अवैध’ सुकुमबासी बस्तीहरू आफैं विकास भए।

नेपालमा सुकुमबासी समस्यालाई अझ जटिल बनाउने अर्को पक्ष भनेको राजनीति हो। वर्षौंदेखि सुकुमबासीहरूलाई भोट बैंकका रूपमा प्रयोग गरियो। उनीहरूलाई बस्न दिइयो, संरक्षण गरियो, तर स्थायी समाधान दिइएन। कतिपय अवस्थामा वास्तविक सुकुमबासी र हुकुमबासीबीचको भिन्नता नै हरायो। जसले राजनीतिक पहुँच राख्थ्यो, उसले सार्वजनिक जग्गा ओगट्न सफल भयो। जसलाई वास्तवमै सहयोग चाहिएको थियो, ऊ भने अझै पछाडि नै रह्यो।

यदि व्यवस्थापनकेन्द्रित दृष्टिकोणबाट हेर्ने हो भने यस्तो समस्यामा पहिलो काम नै स्पष्ट तथ्यांक बनाउनु हो। को वास्तवमै भूमिहीन हो ? को अव्यवस्थित बसोबासी हो ? र को केवल अवसरको फाइदा उठाइरहेको छ ? जबसम्म यो स्पष्ट हुँदैन तबसम्म न्यायसंगत निकास सम्भव हुँदैन।

तर केवल तथ्यांक बनाएरमात्र समस्या समाधान हुँदैन। सबैभन्दा संवेदनशील पक्ष भनेको पुनर्वास हो। सुकुमबासी हटाउने कुरा गर्दा धेरैले ‘जग्गा खाली गराउने’ मात्र देख्छन्, तर वास्तविक प्रश्न हो-त्यसपछि के ? यदि उनीहरूलाई सुरक्षित आवास, रोजगारी, र आधारभूत सेवाविना हटाइयो भने उनीहरू फेरि अर्को ठाउँमा गएर बस्छन्। यसले समस्या समाधान गर्दैन, केवल सार्छ।

यसैले सुकुमबासी समाधानको केन्द्रमा ‘मानव जीवन’ राख्नुपर्छ। घर भनेको केवल चार पर्खाल होइन; यो सुरक्षा, सम्मान, र भविष्यको आधार हो। यदि राज्यले पुनर्वास गर्दा यी पक्षलाई ध्यान दिइएन भने त्यो नीति असफल हुन्छ। विश्वका विभिन्न देशहरूले यही पाठ सिकेका छन्, जबरजस्ती हटाउनेभन्दा व्यवस्थितरूपमा समावेश गर्ने नीति प्रभावकारी हुन्छ।

यहाँ व्यवस्थापन शैलीको महत्त्व देखिन्छ। कडा निर्णय लिन सक्ने नेतृत्व आवश्यक छ, तर त्यो मात्र पर्याप्त छैन। त्यहाँ संवेदनशीलता पनि चाहिन्छ। यदि व्यवस्थापन र मानवीय दृष्टिकोणबीच सन्तुलन मिलाइयो भनेमात्र दिगो समाधान सम्भव हुन्छ। अन्यथा, कडा कदमले तत्काल प्रभाव देखाए पनि दीर्घकालीनरूपमा असन्तोष र द्वन्द्व बढाउन सक्छ।

भविष्यतर्फ हेर्दा, सबैभन्दा ठूलो चुनौती भनेको पुनः समस्या नदोहरियोस् भन्ने हो। यदि आज सुकुमबासी व्यवस्थापन गरियो तर भोलि फेरि नयाँ बस्तीहरू बन्न थाले भने त्यो असफलता हो। त्यसैले दीर्घकालीन सहरी योजना, सस्तो आवास कार्यक्रम र ग्रामीण विकासलाई सँगै लैजानुपर्छ। मानिसहरूलाई सहरमा आउनैपर्ने बाध्यता कम गर्न सकियो भनेमात्र समस्या जडबाट समाधान हुन्छ। सायद संघीयता त्यसकै कडी थियो होला र स्थानीय सरकार सञ्चालन ऐन र त्यत्ति धेरै निर्णय गर्ने अधिकार पनि त्यसकै लागि पो हो कि ?

सुकुमबासी समस्या कुनै एक व्यक्तिले, एक निर्णयले वा एक कार्यकालमा समाधान गर्न सकिने विषय होइन। सही दृष्टि, स्पष्ट योजना र दृढ इच्छाशक्ति भएमा यसको समाधानतर्फ ठोस प्रगति सम्भव छ। व्यवस्थापक शैलीको नेतृत्वले प्रक्रिया सुरु गर्न सक्छ, त्यसलाई सफल बनाउन सम्पूर्ण प्रणालीको सहयोग आवश्यक हुन्छ। त्यसैले अहिले प्रधानमन्त्री वालेन्द्र शासकका रूपमा भन्दा पनि सफल व्यवस्थापक हुन् भन्ने संकेत गरिरहेको छ।

अन्त्यमा, सुकुमबासीहरू समस्या होइनन्। समस्या त्यो संरचना हो जसले उनीहरूलाई वर्षौंसम्म अवसरबाट वञ्चित गराइराख्यो। जबसम्म त्यो संरचना परिवर्तन हुँदैन, समस्या फेरि दोहोरिन्छ। तर राज्यले उनीहरूलाई बोझको रूपमा होइन, आफ्नै नागरिकका रूपमा हेर्न थाल्यो भने समाधान सम्भवमात्र होइन अनिवार्य हुन्छ।

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
# Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं. : ०१-५९१२७५३/०११-६६२२७५
Website:www.swmfi.com.np

## कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरूरी सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८३/०१/२१)

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरूले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणर कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु/बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धि शर्त बन्देजहरूको उलंघन गर्नु भएकोले ऋण/कर्जा चुक्ता/भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरूले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरू समेत चुक्तार भुक्तान गर्नुहोला र उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बीच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ र धितो सूरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबूको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्बर | जारी मिति | जारी स्थान |
| १ | बेनिघाट | मन्जु पाण्डे | कमल पाण्डे | देव बहादुर पाण्डे | बेनिघाट ९, धादिङ | बेनिघाट ३, धादिङ | १/६६८५५ | २०७०/०४/१० | धादिङ्ग |
| २ | बेनिघाट | उमा कुमारी श्रेष्ठ | राज कुमार श्रेष्ठ | ओम प्रसाद श्रेष्ठ | जोगिमारा २, धादिङ | बेनिघाट रोराङ १०, धादिङ | १०१७९ | २०६०/१०/०६ | धादिङ |
| ३ | बेनिघाट | गिता लामिछाने | इन्द्र बहादुर लामिछाने | हस्त बहादुर लामिछाने | घ्यालचोक ५, गोरखा | गण्डकी ८, गोरखा | ४४१०१३/८० | २०६५/०१/२४ | गोरखा |
| ४ | बेनिघाट | भेष कुमारी चेपाङ | मदन चेपाङ | गाईने प्रजा | जोगीमारा १, धदिङ | बेनिघाट रोराङ १०, धादिङ | २६/०१/७३/०५६११ | २०७३/०५/०३ | धादिङ्ग |
| ५ | बेनिघाट | शान्ता परियार | गोपाल परियार | टिकाराम दमाई | कल्लेरी ५, धादिङ | गजुरी २, धादिङ | १६४१७ | २०६०/१०/१५ | धादिङ्ग |
| ६ | बेनिघाट | सृजना (दमाई) नेपालि | धन बहादूर नेपालि | विरबल दमाई | गजुरी ४, धादिङ | गजुरी २, धादिङ | २/२०५८ | २०५७/०४/०५ | धादिङ्ग |
| ७ | बेनिघाट | विना सुनार | बल बहादुर सुनार | प्रेम बहादुर सुनार | घ्यालचोक ५, गोरखा | गण्डकी ८, गोरखा | ४४१०१३/७९७ | २०६९/०५/०८ | गोरखा |
| ८ | बेनिघाट | साबित्री सुनार | रामहरी कामी | मानबहादुर कामी | कुम्पुर ४, धादिङ | सिद्दलेख ६, धादिङ | २६/०१/७१/०८६६२ | २०७१/१२/०८ | धादिङ्ग |
| ९ | बेनिघाट | शिला चेपाङ | कुमार प्रजा | चंख बहादुर प्रजा | गजुरी ५, धादिङ | गजुरी ३, धादिङ | २६२६१/९४२ | २०६८/१०/२९ | धादिङ्ग |
| १० | बेनिघाट | शुकु गुरूङ | सुनिल श्रेष्ठ | धन बहादुर श्रेष्ठ | गोरखा १४, गोरखा | गण्डकी ८, गोरखा | ४४१०१३/७४३ | २०६९/०१/२१ | गोरखा |
| ११ | बेनिघाट | बिमला राई | जनक राई | लाल बहादुर राई | कल्लेरी ४, धादिङ | गजुरी ५, धादिङ | २६३०४०/२८० | २०६३/१०/२९ | धादिङ्ग |
| १२ | बेनिघाट | फुलमायाँ मगराती | टंक बहादुर सार्की | कमलपुर सार्की | सिद्दलेख ७, धादिङ | सिद्दलेख ७, धादिङ | २६/०१/७५/१०५०० | २०७५/१२/२६ | धादिङ्ग |
| १३ | बेनिघाट | बेलि गुरूङ्ग | चिज कुमार गुरूङ्ग | ज्ञान बहादुर गुरूङ्ग | घ्यालचोक ५, गोरखा | गण्डकी ८, गोरखा | ४४३०१३/३५२ | २०६३/१०/०५ | गोरखा |
| १४ | बेनिघाट | लक्ष्मी खडका | राम बहादूर खडका क्षेत्री | नर बहादुर खडका | घ्यालचोक ३, गोरखा | गण्डकी ८, गोरखा | ४४१०१३/११६५ | २०७१/०३/१२ | गोरखा |
| १५ | बेनिघाट | मिरामाया चेपाङ | विष्णु कुमार चेपाङ | मंगले प्रजा | जोगीमारा २, धदिङ | बेनिघाट रोराङ १०, धादिङ | २६१/२३६०१ | २०६५/०९/१७ | धादिङ्ग |
| १६ | बेनिघाट | संगिता सुनार | मान बहादुर सुनार | कविराम सुनार | धुष १, धादिङ | बेनिघाट ६, धादिङ | २६१/५७९८३ | २०६९/०५/०५ | धादिङ्ग |
| १७ | बेनिघाट | मैया सुनार | लोक बहादुर सुनार | पुर्ण बहादुर सुनार | बेनिघाट ८, धादिङ | बेनिघाट ५, धादिङ | ११९३० | २०६०/१०/०६ | धादिङ्ग |
| १८ | खानीखोला | नकुल भण्डारी | ओम बहादुर भण्डारी | राम बहादुर भण्डारी | धुनिवेशी ०३, धादिङ्ग | धुनिवेशी ०३, धादिङ्ग | ३/२११ | २०५९/०९/१० | धादिङ्ग |
| १९ | खानीखोला | अनिता तामाङ्ग | पासाङ्ग तामाङ्ग | आशमान तामाङ्ग | थाके ०४, धादिङ्ग | थाके ०४, धादिङ्ग | २६१/००५ | २०६९/०४/०१ | धादिङ्ग |
| २० | खानीखोला | सानीमैया बल | श्याम बहादुर तामाङ्ग | कमसिंह तामाङ्ग | थाके ०५, धादिङ्ग | थाके ०५, धादिङ्ग | २६/०१/७४/०३६७८ | २०७४/०४/१९ | धादिङ्ग |
| २१ | खानीखोला | तुलसा पराजुली | सिजन पराजुली | मेघनाथ पराजुली | थाके ०३, धादिङ्ग | थाके ०३, धादिङ्ग | २६/०१/७२/०८२६८ | २०७२/०९/२० | धादिङ्ग |
| २२ | खानीखोला | राधिका भुजेल | सानो कान्छो भुजेल | राम बहादुर भुजेल | थाके ०३, धादिङ्ग | थाके ०३, धादिङ्ग | १५३०४२२६८ | २०७०/०२/२१ | धादिङ्ग |
| २३ | खानीखोला | सुन्तली कमर | राम शरण कमर | काजी कमर | थाके ०१, धदिङ | थाके ०१, धदिङ | २६/०१/७३/१०२९६ | २०७३/०९/२४ | धादिङ |
| २४ | खानीखोला | ज्योति कुवंर | राम चन्द्र कुवर जोगी | शुक बहादुर कुवंर | थाके ०१, धदिङ | थाके ०१, धदिङ | २६/०१/७२/०१०८४ | २०७२/०२/३२ | धादिङ |
| २५ | खानीखोला | सुभद्रा पुरी | दिनेश पुरी | गुप्त बहादुर पुरी | भुमेस्थान ५, धादिङ | थाके ०४, धादिङ | २६४०३०० | २०६७/०९/०८ | धादिङ |
| २६ | खानीखोला | साइली तामाङ | अर्जुन तामाङ | विर बहादुर तामाङ | तसर्पु ७, धादिङ | थाके ०५, धादिङ | ८९६ | २०६७/०८/२६ | धादिङ |
| २७ | खानीखोला | अनिता तामाङ्ग | रिठे तामाङ | सानुकान्छा तामाङ | नौविसे ९, धादिङ | धुनिवेशी ०६, धादिङ्ग | २६/०१/७२/०५६४८ | २०७२/०६/२१ | धादिङ |
| २८ | खानीखोला | जुनु तामाङ | सुजन तामाङ | पुर्ण तामाङ | धुनिवेशी ०७, धादिङ्ग | धुनिवेशी ०७, धादिङ्ग | २६/०१/७९/०७८९६ | २०७९/०९/०४ | धादिङ |
| २९ | खानीखोला | गंगा कुमारी मगर | राजन बहादुर मगर | चन्द्र बहादुर मगर | तसर्पु ८, धादिङ | थाके ०३, धादिङ | ६४६७ | २०६०/०८/२७ | धादिङ |
| ३० | खानीखोला | कान्छी तामाङ | भिम बहादुर तामाङ | प्रेम बहादुर तामाङ | भुमेस्थान ९, धादिङ | थाके ०८, धादिङ | २६३०४२/९९ | २०६३/१०/०५ | धादिङ |
| ३१ | खानीखोला | सरिता तामाङ | विर बहादुर तामाङ | तोप बहादुर तामाङ | धुनिवेशी ०७, धादिङ्ग | धुनिवेशी ०७, धादिङ्ग | २६/०१/७४/१०९५० | २०७०/१२/०८ | धादिङ |
| ३२ | खानीखोला | नानी मैया तामाङ | श्याम बहादुर तामाङ्ग | सेतु तामाङ | थाके ११, धादिङ | थाके ११, धादिङ | २६/१४/७४/००६२८ | २०७४/०४/२७ | धादिङ |
| ३३ | खानीखोला | सुन्तली तामाङ | हस्त बहादुर तामाङ | हरि बहादुर तामाङ | गोगनपानी ६, धादिङ | थाके ११, धादिङ | २६३०५०/६२५ | २०६३/११/०९ | धादिङ |
| ३४ | खानीखोला | ससिका स्याङतान | भिम लाल स्याङतान | लाल बहादुर स्याङतान | टिष्टुङ ०९, मकवानपुर | थाहा १२, मकवानपुर | २९/५७४ | २०५२/०९/११ | मकवानपुर |
| ३५ | खानीखोला | रीता परियार | पुड्के दमाई | मिर बहादुर दमाई | थाके ३, धादिङ | थाके ३, धादिङ | २६/०१/७४/०५५९८ | २०७४/०५/२५ | धादिङ |
| ३६ | खानीखोला | हिरामाया स्याङतान | बिनोद कुमार स्याङतान | चन्द्र बहादुर स्याङतान | टिष्टुङ ०८, मकवानपुर | थाहा १२, मकवानपुर | ३१३०३३/७८९ | २०६३/११/०३ | मकवानपुर |
| ३७ | खानीखोला | पुतली तामाङ | सत्त बहादुर तामाङ्ग | राम बहादुर तामाङ्ग | धुनिवेशी ०५, धादिङ्ग | धुनिवेशी ०५, धादिङ्ग | ७६८६ | २०६०/०८/२५ | धादिङ |
| ३८ | गाल्पा | अविना थापामगर | रवि रानामगर | अमरबहादुर मगर | दिमीपोखरी ०२, रामेछाप | सुनापति ०२, रामेछाप | २११०४९/२६६०९ | २०६८/०७/२७ | रामेछाप |
| ३९ | गाल्पा | उर्मिला लामा | शम्भु लाल लामा | पञ्च बहादुर लामा | दिमीपोखरी ०७, रामेछाप | सुनापति ०२, रमोछाप | २१३०४९/२०३ | २०६३/१११ | रामेछाप |
| ४० | गाल्पा | तेज कुमारी परीयार | सन्तोष बर्देवा | सन्त बहादुर बर्देवा | सुनकोशी ०१, सिन्धुली | खाँडादेवी ०७, रामेछाप | २०/०१/७२/०३२९९ | २०७२/०७/१९ | सिन्धुली |
| ४१ | गाल्पा | निर्मला तमाङ | शेर बहादुर तमाङ | सोवित तमाङ | खाँडादेवी ०७, रामेछाप | खाँडादेवी ०७, रामेछाप | २१३०५५/२६१ | २०६३/१०/१६ | रामेछाप |
| ४२ | गाल्पा | रत्न कुमारी दमीनी | गुमान सिं दमाई | साने दमाई | खाँडादेवी ०७, रामेछाप | खाँडादेवी ०७, रामेछाप | १६०७ | २०६६/०२/३१ | रामेछाप |
| ४३ | गाल्पा | कान्छी तामाङ | पदम बहादुर तामाङ | लाल बहादुर तामाङ | हिलदेवी ०३, रामेछाप | सुनापति ०३, रामेछाप | २१३०४८/२९८ | २०६३/१०/१० | रामेछाप |
| ४४ | गाल्पा | चिनीमाया मोक्तान | पञ्च बहादुर मोक्तान | सन्त नोर्बु मोक्तान | हिलदेवी ०४, रामेछाप | सुनापति ०३, रामेछाप | २१३०४८/४३४ | २०६३/१०/११ | रामेछाप |
| ४५ | गाल्पा | सिता मगर | गणेश बहादुर थापा मगर | पदम बहादुर थापा मगर | टोकरपुर ०५,रामेछाप | दोरम्बा शैलुङ ०३, रामेछाप | ४९१२ | २०४४/१२/२२ | रामेछाप |
| ४६ | गाल्पा | यमु थापा मगर | खडकबहादुर थापामगर | लोक बहादुर थापामगर | दोरम्बा ०८, रामेछाप | दोरम्बा शैलङ्ु ०३, रामेछाप | २१३०४२/५५ | २०७०/०१/२६ | रामेछाप |
| ४७ | साँगा | हिरा तामाङ | बिकाश कुमार तामाङ | कनक बहादुर तामाङ | बनेपा १२, बासडोल | बनेपा १२, बासडोल | २२९७५६१०२ | २०५५/०९/१० | कंचनपुर |
| ४८ | साँगा | अनु भुजेल | मोहित थापा मगर | बाल चन्द्र थापा मगर | म.थि.न.पा. १६, लोकन्थली | म.थि.न.पा. १६, लोकन्थली | २९/०१/७८/०२९८७ | २०७८/०८/०८ | भक्तपुर |
| ४९ | साँगा | निश्मा दर्लामी मगर | आयुष दर्लामी मगर | कृष्ण बहादुर दर्लामी मगर | डाँडागाँउ ५, काभ्रे | डाँडागाँउ ५, काभ्रे | ३०/०१/७२/०९३७४ | २०७२/१०/२८ | काभ्रे |
| ५० | साँगा | अन्जना कार्की | राजु कार्की | गोपाल कार्की | बनेपा १४, साँगा | बनेपा १४, साँगा | १०३९८१ | २०५८/०९/२३ | काभ्रे |
| ५१ | साँगा | शान्ति तामाङ | दिनेश कुमार तामाङ | क्षेत्र बहादुर तामाङ | पाँचखाल १३, अनैकोट | पाँचखाल १३, अनैकोट | ३०/०१/७३/०३११५ | २०७३/०३/०२ | काभ्रे |
| ५२ | साँगा | बिना ठकुरी | पुरूषोतम रंजित | गोपाल कुमार रंजितकार | बनेपा १०, काभ्रे | बनेपा १०, काभ्रे | ३१३०२३/२०८ | २०६३/११/२३ | काभ्रे |
| ५३ | साँगा | सरस्वती राजभण्डारी | गम्बीर कस्ती | धन बहादुर कस्ती | भक्तपर - ५, भक्तपुर | भक्तपुर ५, भक्तपुर | १०१२५ | २०४५/१०/२६ | काठमाण्डौ |
| ५४ | ओखलढुङ्गा | राम काजि सुवेदी | विर वहादुर सुवेदी | नाम थाहा नभएको | बलखु - ९, ओखलढुङ्गा | सुनकोशी गा.पा. वडा नं. १, ओखलढुङ्गा | ४८४६२/१८१ | २०५२/०५/०२ | ओखलढुङ्गा |
| ५५ | ओखलढुङ्गा | वाल कुमारी श्रेष्ठ | वुद्ध श्रेष्ठ | रत्न वहादुर श्रेष्ठ | ओखलढुगा - ६, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | १२१०२४/५८ | २०६७/०२/२८ | ओखलढुङ्गा |
| ५६ | ओखलढुङ्गा | धन कुमारी विरकर | जित वहादुर कामी | कधमान कामी | डिकुवा - ४, ओखलढुङ्गा | मानेभञ्ज्याङ्ग - ०४, ओखलढुङ्गा | १३/०१/७५/००९९३ | २०७५/०३/१७ | ओखलढुङ्गा |
| ५७ | ओखलढुङ्गा | देविका कुमारी राई | ईन्द्र वहादुर राई | बलध्वज राई | बलखु - ८, ओखलढुङ्गा | सुनकोशी - ०१, ओखलढुङ्गा | ५७७४५/६२४ | २०६१/०८/०८ | ओखलढुङ्गा |
| ५८ | ओखलढुङ्गा | भुपेन्द कुमार कटवाल | डिल्लि बहादुर कटवला | अम्मर वहादुर कटवाल | ठूलाछाप - ०२, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | १५०७१/८२३ | २०५३/१२/२५ | ओखलढुङ्गा |
| ५९ | ओखलढुङ्गा | पेमा डोल्मा शेर्पा | पासाङ्ग फिन्जो शेर्पा | नुर्बू शेर्पा | बर्नालु - ७, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | ३०८६८/१४९७/०३६ | २०५७/०२/३१ | ओखलढुङ्गा |
| ६० | ओखलढुङ्गा | बुद्धमाया तामाङ्ग | सुवास तामाङ्ग | रिठे तामाङ्ग | पोखरे - ९, ओखलढुङ्गा | चिसंखुगढी - ०३, ओखलढुङ्गा | १३३००२/६ | २०६३/१०/२९ | ओखलढुङ्गा |
| ६१ | ओखलढुङ्गा | विमला सार्की | गोपाल बहादुर सार्की | रहरे सार्की | पोखरे - ३, ओखलढुङ्गा | चिसंखुगढी - ०३, ओखलढुङ्गा | १३३००२/१४६ | २०६३/११/०१ | ओखलढुङ्गा |
| ६२ | ओखलढुङ्गा | डोमा शेर्पा | शोमफुरे शेर्पा | नुर्बू शेर्पा | बर्नालु - ७, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | ६२७४५/२०३ | २०६२/०९/१७ | ओखलढुङ्गा |
| ६३ | ओखलढुङ्गा | तीलमाया श्रेष्ठ | हस्त वहादुर श्रेष्ठ | भिम वहादुर श्रेष्ठ | पोखरे - ७, ओखलढुङ्गा | चिसंखुगढी - ०३, ओखलढुङ्गा | २५४/२११ | २०४४/११/२२ | ओखलढुङ्गा |
| ६४ | ओखलढुङ्गा | सिता माया राई पुलामी मगर | राम वहादुर पुलामी मगर | मकर वहादुर पुलामी मगर | मानेभञ्ज्याङ्ग - ४, ओखलढुङ्गा | मानेभञ्ज्याङ - ४, ओखलढुङ्गा | १३/०१/७१/०११०८ | २०७१/०३/३२ | ओखलढुङ्गा |
| ६५ | ओखलढुङ्गा | चिज कुमारी थापा | खड्क वहादुर थापा | बुद्धिमान थापा | दियाले - १, ओखलढुङ्गा | चिसंखुगढी - ०३, ओखलढुङ्गा | १३३००३/१८६ | २०६३/११/०५ | ओखलढुङ्गा |
| ६६ | ओखलढुङ्गा | भुपाल ताम्राकार | बेल कुमार ताम्राकार | गौरि प्रर तामाकार | ओखलढुङ्गा - ५, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | ६५२५/२५८ | २०५१/०९/०८ | ओखलढुङ्गा |
| ६७ | ओखलढुङ्गा | प्रेम कुमारी पुलामी मगर | सन्त बहादुर पुलामी मगर | धन वहादुर पुलामी मगर | मानेभञ्ज्याङ्ग - ४, ओखलढुङ्गा | मानेभञ्ज्याङ्ग - ४, ओखलढुङ्गा | १३१०५०/२४५ | २०६८/०१/१९ | ओखलढुङ्गा |
| ६८ | ओखलढुङ्गा | रिता कुमारी वाग्ले | ज्ञान बहादुर वाग्ले | अम्बर बहादुर वाग्ले | ज्यामिरे - ३, ओखलढुङ्गा | सिद्धिचरण - ०९, ओखलढुङ्गा | ४७४३१/१४८ | २०५९/०२/२६ | ओखलढुङ्गा |
| ६९ | ओखलढुङ्गा | संफना राई | बलि राज राई | रामजित राई | मोली - ८, ओखलढुङ्गा | मानेभञ्ज्याङ्ग - १, ओखलढुङ्गा | १३०१७३०२२०२ | २०७३/०६/१० | ओखलढुङ्गा |
| ७० | ओखलढुङ्गा | हिरा थापा मगर | डिक बहादर थापा मगर | मंगल सिंह थापामगर | मोली - १, ओखलढुङ्गा | मानेभञ्ज्याङ्ग - १, ओखलढुङ्गा | १३/०१/७२/०१५४७ | २०७२/०५/०७ | ओखलढुङ्गा |
| ७१ | ओखलढुङ्गा | गोमा भुजेल | चित्र कुमार भुजेल | होम वहादुर भुजेल | ज्यामिरे - १, ओखलढुङ्गा | सिद्धिचरण - ०९, ओखलढुङ्गा | ५३४५५/२०३ | २०६०/०६/०५ | ओखलढुङ्गा |
| ७२ | ओखलढुङ्गा | ईश्वरी कुमारी खड्का | पदम वहादुर खड्का क्षेत्री | गणेश बहादुर | ज्यामिरे - ४, ओखलढुङ्गा | सिद्धिचरण - ०९, ओखलढुङ्गा | १३८/७७ | २०४६/०१/१३ | ओखलढुङ्गा |
| ७३ | ओखलढुङ्गा | धन माया तामाङ्ग | कृष्ण वहादुर तामाङ्ग | विर वहादुर तामाङ्ग | सगरमाथा - ४, ओखलढुङ्गा | सिद्धिचरण - ११, ओखलढुङ्गा | २२४/१२९ | २०४३/०६/०६ | ओखलढुङ्गा |
| ७४ | दोलखा | सुन्तली भुजेल | अम्बर बहादुर भुजेल | झलक बहादुर भुजेल | बोझ २ (बोफ) दोलखा | भिमेश्वर ८, बोफ | २२३०१३/९६ | २०६३/११/२८ | दोलखा |
| ७५ | दोलखा | आरती थामी | सिताराम थामी | शम्भु बहादुर थामी | भिमेश्वर ३, दोलखा | भिमेश्वर ६, पाखाटोल | २२-०१-७२-०३३३३ | २०७२/०८/०७ | दोलखा |
| ७६ | दोलखा | ज्ञानु लामा | लवाङ लामा | निमा लामा | खनियापानी ३, सिन्धुपाल्चोक | लिसखु ५, सिन्धुपाल्चोक | २४३०२०/९९ | २०६३/१०/२७ | सिन्धुपाल्चोक |
| ७७ | दोलखा | लक्ष्मी थामी | पुष्कर थामी | छत्र बहादुर थामी | आलम्पु १, दोलखा | भिमेश्वर ३, दोलखा | २२१०१४/४४७ | २०६४/०५/०५ | दोलखा |
| ७८ | दोलखा | डोल्मा थामी | तिलक बहादुर थामी | मान बहादुर थामी | कालिन्चोक ६, दोलखा | कालिन्चोक ५, दोलखा | २२-०२-७४-००७४७ | २०७४/०५/२० | दोलखा |
| ७९ | दोलखा | हेमलाल तामाङ | पदम बहादुर तामाङ | दुधे तामाङ | गौरीशंकर ८ दोलखा | गौरीशंकर - ८, (दोलखा) | २२-०२-७८-०१०४१ ०६७ | २०७८/०८/२० | दोलखा |
| ८० | दोलखा | सुना माया तामाङ | प्रेम बहादुर तामाङ | राम बहादुर तामाङ | धुलीखेल न.पा. १, काभ्रे | भिमेश्वर ९, दोलखा | ०१/०६७-९०१९ | २०६७/०५/३० | काभ्रपलाञ्चोक |
| ८१ | दोलखा | शान्ती कार्की | कुमार कार्की | कृष्ण बहादुर कार्की | लाकुरीडाडा १, दोलखा | भिमेश्वर ८, दोलखा | २१६७१/५६८ | २०५८/०४/२३ | दोलखा |
| ८२ | दोलखा | सरिता भुजेल | सोम बहादुर भुजेल | झलक बहादुर भुजेल | बोफ २। दोलखा | भिमेश्वर ८, बोफ | २२१०१३/२०६ | २०६५/१०/१३ | दोलखा |
| ८३ | दोलखा | मनमाया थामी | शम्भु बहादुर थामी | गौरी बहादुर थामी | भिमेश्वर २, दोलखा | भिमेश्वर २, दोलखा | ४४४९४ | २०६२/१०/२८ | दोलखा |
| ८४ | दोलखा | सोस्थी थामी | लोक बहादुर थामी | मन्त थामी | भिमेश्वर ३, दोलखा | भिमेश्वर २, दोलखा | २२-०१-७०-०३५८१ | २०७०/०९/११ | दोलखा |
| ८५ | दोलखा | गीता थापा | कुमार खत्री | दल बहादुर खत्री | लापिलाङ ८, दोलखा | भिमेश्वर २, दोलखा | २२१०१८/२७२ | २०६६/०२/२९ | दोलखा |
| ८६ | दोलखा | उर्मीला वस्नेत | पूर्ण बहादुर वस्नेत | रंगध्वोज वस्नेत | सुन्द्रावती गा.बि.स. ४, दोलखा | भिमेश्वर ६, दोलखा | ३९२६८ | २०६१/१२/२५ | दोलखा |
| ८७ | दोलखा | सपना बुढाथोकी | राजकुमार वस्नेत | नर बहादुर क्षेत्री | भिमेश्वर १२, दोलखा | भिमेश्वर ६, दोलखा | २२१०१४/१७६ | २०६६/११/०४ | दोलखा |
| ८८ | दोलखा | शान्ती कार्की | सिताराम घिमिरे | कपिल प्रसाद घिमिरे | भिमेश्वर १०, दोलखा | भिमेश्वर १०, दोलखा | ३८८३/९५०९ | २०५४/१०/१७ | दोलखा |
| ८९ | दोलखा | नबिना थामी | भरत थामी | दल बहादुर थामी | लापिलाङ ३, दोलखा | कालिन्चोक ५, दोलखा | २२१०१८/१५० | २०६५/०७/१८ | दोलखा |
| ९० | दोलखा | मारमेन तामाङ | मान बहादुर तामाङ | वागमान तामाङ | लाकुरीडाडा ९, दोलखा | भिमेश्वर न.पा. ६, दोलखा | २२२८०९/५६१८ | २०४५/०२/१५ | दोलखा |
| ९१ | दोलखा | अम्बीका थामी | मिन कुमार थामी | सुर बहादुर थामी | सुन्द्रावती ९, दोलखा | कालिन्चोक ९, दोलखा | ४४७६६ | २०६२/११/१५ | दोलखा |
| ९२ | दोलखा | निमा डाल्मा लामा | धावा घाम्छो लामा | मिकमार गेठल | लिसंखु पाखर ५, सिन्धुपाल्चोक | लिसंखु पाखर ५, सिन्धुपाल्चोक | ८१३/७७२२० | २०५२/१२/१९ | सिन्धुपाल्चोक |

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबूको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्बर | जारी मिति | जारी स्थान |
| ९३ | दोलखा | चमेली लामा | घ्याम्छो लामा | राम बहादुर लामा | जेठल ८, सिन्धुपाल्चोक | जेठल ८, सिन्धुपाल्चोक | २४३०२०/१८ | २०५२/१२/२० | सिन्धुपाल्चोक |
| ९४ | दोलखा | अनुमाया थामी | धन बहादुर थामी | मेहरमान थामी | सुन्द्रावती ७, दोलखा | कालिन्चोक ९, दोलखा | १६०२ | २०४६/०२/०३ | दोलखा |
